Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- ३९, २०७७ साल असार ९ गते मंगलबार (June 23, 2020) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# नेकपा नेताहरुबीच निकै चर्काचर्की

- नेकपाभित्र चरम असन्तुष्टी ।
- एमसीसी अझै अन्योलमा ।
- नेकपा नेताहरु एक अर्काबीच आरोप प्रत्यारोप ।

काठमाडौं । सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) स्थायी समितिको बैठक सुरु भएको छ । बुधवारबाट सुरुको बैठकमा नेकपाका अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डले सम्बोधन गरेका छन् । अध्यक्षद्वयको सम्बोधनपछि शुक्रवारसम्मका लागि स्थागित सो बैठकमा नेताहरुबीच निकै चर्काचर्की हुने संकेतहरु प्रारम्भमै देखिएको छ । प्रधानमन्त्रीसमेत रहेका नेकपा अध्यक्ष ओली र कार्यकारी अध्यक्ष दाहालबीच टक्करावले उग्ररुप लिइरहेका बेला सुरु बैठकमा एक अर्कोबीच आरोप प्रत्यारोप बुधवारबाटै सुरु भइसकेको छ । सरकार र पार्टी संचालनको ओली कार्यशैलीले नेकपाभित्र तीव्र असन्तुष्टी छ । सो असन्तुष्टीलाई पार्टी नेताहरुले सार्वजनिक रुपमै अभिव्यक्त गरेको विषयमा प्रधानमन्त्री ओलीले सम्बोधनको क्रममा तीव्र प्रहार गरेका छन् । ओली कार्यशैली विरुद्ध निर्माण भएको नेकपा शीर्ष नेतृत्वको गठजोरमा बामदेव गौतम पूर्वावत अवस्थामै कायम रहे भने यो स्थीय समिति बैठक प्रधानमन्त्री ओलीका लागि फलामको च्याउरा सावित हुनेमा कुनै शंका छैन ।

स्थायी समिति बैठकका पाँच एजेण्डा मध्ये पार्टी एकीकरणलाई पूर्णता दिने रएमसीसी सम्झौता बारे पेचिला विषय हुन् । सरकार र पार्टी फरक फरक व्यक्तिले संचालन गर्नुपर्ने विषयमा पनि अध्यक्ष दाहाल वरिष्ठ नेता माधवकुमार नेपाल , झलनाथ खनाल र बामदेव गौतम एक मत छन् । यो मत कायमै रहेको खण्डमा प्रधानमन्त्री ओली थप रक्षात्मक अवस्थामा पुग्ने चर्चा राजनीतिकवृत्तमा चल्न थालेको छ । एमसीसीको पक्षमा प्रधानमन्त्री ओली अडिक रहेपनि पार्टीभित्रको संस्थापन इतर समूह परिमार्जन विना त्यसलाई संसदबाट पारित गर्न नहुने पक्षमा छ । यसले पनि प्रधानमन्त्री ओलीलाई निकै समस्यामा पार्ने विश्लेषकहरुको ठम्याइ छ । त्यही संकटलाई माध्य नजर गरेर बैठकको प्रारम्भमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले त्यही गुटबन्दी र बहुमतको खेलकै कारण अघिल्लो बैठकको पूर्वसन्ध्यामा पार्टी विभाजनको संघारमा पुगेको बताएका छन् ।

प्रधानमन्त्री एवं अध्यक्ष ओलीले महाधिवेशनसम्म सहकार्य गर्ने सहमतिअनुसार पार्टी नचलेको गुनासो गरे । यहीकारण अघिल्लो सचिवालय बैठकको पूर्वसन्ध्यामा पार्टी विभाजनको संघारमा पुगेको बताउँदै अध्यक्ष ओलीले भने, 'पार्टीमा अहिले पनि गुटबन्दी र बहुमतको खेल भएको छ । यसले अनुशासनहीन काम गरेको छ ।' प्रधानमन्त्री ओलीले राजनीतिक दल विभाजनलाई सहज बनाउने गरी वैशाख दोस्रो साता ल्याएको अध्यादेशको बचाउ गरे । आफूले गलत गरेका कारण फिर्ता लिएको नभई साथीहरुले भनेका कारण फिर्ता लिएको ओलीले बताए । उनले नेतृत्वलाई खुइल्याएपछि आफ्नो कद बढ्छ भन्ने भ्रम नपाल्नसमेत नेताहरुलाई आग्रह गरेको एक नेताले जानकारी दिए । बैठकमा प्रधानमन्त्री ओलीले बाँकी २ पृष्ठमा

# नेकपा परित्याग गरी कांग्रेसमा प्रवेश

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी नेकपा परित्याग गरी एक दर्जन बढी नेपाली कांग्रेस प्रवेश गरेका छन् । संखुवासभा मकालुका विश्व किर्तिमानी आरोही मिङमा शेर्पासहित पर्यटन व्यवसाय र पर्वतारोहण क्षेत्रमा सम्लग्न नेपाली कांग्रेसमा प्रवेश गरेका हुन् । नवप्रवेशीलाई नेपाली काग्रेसका महामन्त्री डाक्टर शशांक कोइरालाले पार्टीमा स्वागत गरेका थिए । उनले युवाहरूको पहिलो छनोटको पार्टी नेपाली कांग्रेस हुने र पार्टी प्रवेशको श्रृंखला निरन्तर रहने बताए ।

महामन्त्री कोइरालाले आगामी चुनावमा नेपाली काँग्रेस पहिलो पार्टी हुने दावी गर्दै लोकतन्त्र प्राप्तिदेखि अहिलेसम्म कांग्रेसले विकासमा अग्रणी भुमिका निर्वाह गरेको उल्लेख गरे ।

उनले देश समृद्ध बनाउन कांग्रेसको आवश्यकता रहेको पनि बताए । सहमहामन्त्री डाक्टर प्रकाशशरण महत, डाक्टर मिनेन्द्र रिजाल, गगन थापाल गायतले कोरोनाको महामारीबाट बच्न गर्नुपर्ने तयारीमा सरकार चुकेको आरोप लगाए ।

सरकार अनियमितता र भ्रष्टाचारमा लिप्त हुँदा कोरोना नियन्त्रणमा उल्लेख्य भुमिका निर्वाह गर्न नसकेको बताए । कार्यक्रममा पूर्वराज्यमन्त्रीहरू दिपक खड्का, तारामान गुरूङलगायतका नेताहरूले मिङ्मा शेर्पाजस्ता युवाहरूको प्रवेशले नेपाली कांग्रेसलाई जिवन्त राख्ने बिश्वास व्यक्त गरे । नवप्रवेसी मिङ्मा शेर्पाले अन्य पार्टी बाढी आउँदा उर्लने खहरे भएको आरोप लगाउँदै निरन्तर बग्ने नदी जस्तै जिवन्त पार्टी नेपाली कांग्रेस रोजेको उल्लेख गरे । कोरोना संक्रमण र लकडाउनले मुलुक संकटमा परेका बेला पनि कम्युनिष्ट नेताहरू कमाउ धन्दामा लागेको उनको भनाई थियो ।

कांग्रेस प्रवेश गर्नेहरूमा शेर्पासहित पासाङ तेन्जी शेर्पा, लाक्पा शेर्पा, छिङ दोर्ची शेर्पा, लाक्पा ओङ्दी शेर्पा, प्रदिप कुमार लिंथेप, ज्योतीप्रकाश राईलगायत छन् ।

## सरकार विरुद्ध फेरि आन्दोलन

# राप्रपा महिला सडकमा ओलिए

काठमाडौं । देशमा अलौकिक रुपमा बढिरहेको भ्रष्टाचार, अव्यवस्थित क्वारेन्टाइन लगायतका विरुद्धमा राष्ट्रिय प्रजातन्त्र पार्टी निकट राष्ट्रिय प्रजातान्त्रिक महिला संगठनले विरोध ऱ्याली तथा कोणसभा सम्पन्न गरेको छ । बबरमहलमा भेला भएका राप्रमसंका नेता, कार्यकर्ताहरुले सामाजिक दुरी कायम गर्दै निकालेको विरोध ऱ्याली नयाँ वानेश्वर चोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

कोणसभालाई सम्बोधन गर्दै पूर्व राज्यमन्त्री एवं राप्रमसंकी अध्यक्ष कुन्ती कुमारी शाहीले कोरोना रोकथाम तथा नियन्त्रणमा ध्यान नदिएर सरकार भ्रष्टाचारमा मात्र केन्द्रीत भएको बताईन् । मन्त्री क्वाटरमा जीमखाना र राष्टूपति कार्यालयमा कोमल

गलैंचा विछ्याउनुको सट्टा अव्यवस्थित रहेका क्वारेन्टाइनलाई व्यवस्थीत गर्नेतर्फ सरकारले समयमा ध्यान दिएको भए कुनैपनि महिला क्वारेन्टाइनमै बलत्कारको सिकार हुनुपर्ने थिएन भन्दै पूर्व राज्यमन्त्री शाहीले क्वारेन्टाइनमा बसेकाहरुलाई घृणित व्यवहार गरिएकोमा सरकारको विरोध




गरेकी थिईन् । सो कोणसभामा राप्रमसंका नेतृहरु मिना सुवेदी, विजयकला राई, ३ नं. प्रदेशसभा सदस्य रिता माझी, कुमारी स्याङतान लगायतले सम्बोधन गरेका थिए ।

विरोध ऱ्यालीमा सहभागि महिलाहरुले महिलामैत्री क्वारेन्टाइनको व्यवस्था गर, लकडाउनमा भएको महिला हिंसा वृद्धिको अन्त्य गर, क्वारेन्टाइनमा बलात्कृत भएकी महिलालाई क्षितपूर्तिको व्यवस्था गर, भ्रष्टाचारीलाई कारवाही गर, पिसिआर परिΟाणको दायरा बढाउ, गरिब जनतालाई राहतको व्यवस्था गर, क्वारेन्टाइनमा बसेका महिला तथा बालबालिकालाई पोषणयुक्त खानाको व्यवस्था गर लगायतका नारा लगाउँदै सरकारको विरोध गरेका थिए ।

# सांसद सुदन किराँती क्वारेन्टिनमा

भोजपुर । भोजपुरका प्रतिनिधिसभा सदस्य सुदन किराँती गृह जिल्ला आएसँगै क्वारेन्टिनमा बस्नुभएको छ । काठमाडौंबाट भोजपुर आएका किराँती आफनो जन्मथलोसमेत रहेको रामप्रसादराई गाउँपालिकाले निर्माण गरेको क्वारेन्टिनमा बस्नुभएको हो ।

सरकारले कोरोनाको जोखिमलाई ध्यानमा राख्दै बाहिरबाट आएका मानिसलाई अनिवार्य क्वारेन्टिनमा बस्नुपर्ने व्यवस्था गरेका कारण आफू क्वारेन्टिनमा बसेको सांसद किराँतीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, म शनिबारबाट गाउँपालिकाले ओख्रेमा निर्माण गरेको क्वारेन्टिनमा बसेको छु, क्वारेन्टिनमा बसेर त्यहाँ समस्याको विषयमा बुझेर त्यसलाई समाधानमा लागि पनि पहल गरिरहेको छु । मानिसमा पहुँचको आधारमा सरकारले जारी गरेको निर्णय पालना नगर्ने प्रवृत्ति बढ्दै गएकाले त्यसको अनिवार्य रूपमा पालन गर्नुपर्नेसमेत किराँतीले बताउनुभयो । हामीमा पहुँचको आधारमा विभिन्न ढङ्गले सरकारले जारी गरेको नीति नियम उल्लङ्घन गर्ने प्रवृत्ति बढ्दो छ, यसले सर्वसाधारण जनता मारमा छन्, नियम सबैको लागि बराबर हुनुपर्छ, त्यसैले म जनताको समस्यालाई नजिकबाट नियाल्दै क्वारेन्टिनमा बसेर सरकारको नियम पालना गर्दैछु, सांसद किराँतीले भन्नुभयो ।

क्वारेन्टिनमा बसेर विभिन्न सुधारात्मक कामसमेत गरेको सांसद किराँतीले बताउनुभयो । अहिले स्थानीय तहहरूले निर्माण गरेका क्वारेन्टिनलाई व्यवस्थित बनाउनमा पहल गर्नेसमेत किराँतीको भनाइ छ । सांसद किराँतीले भन्नुभयो, काठमाडौंमा परीक्षण गरी संक्रमणमुक्त भएको प्रमाणसहित गृहजिल्ला आए पनि वर्तमान प्रावधानअनुसार म क्वारेन्टिनमा बसेको हुँ, यो सबैले मान्न जरूरी छ, क्वारेन्टिनमा भौतिक दूरी कायम गर्दै स्थानीय सरोकारवाला, जनप्रतिनिधि, सर्वसाधारणसँग संवादसमेत गर्दै आएको छु, यसले पनि मलाई जिल्लाका विभिन्न समस्या बुझ्न सहयोग पुगेको छ । राजधानीमा रहेर जनतालाई राहत वितरणदेखि लिएर संसद्मा जिल्लाका विभिन्न समस्याका विषयमा सरकारको ध्यानाकर्षण गराएपश्चात् किराँती जिल्लाको पछिल्लो अवस्था बारे जानकारी लिन गृहजिल्ला आउनुभएको हो । बाँकी ८ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# कोरोनको मानसिक त्रासले अत्महत्या गर्नेहरुलाई जोगाऔं

विश्व कोरोनाको त्रासबाट गुज्रिरहँदा नेपालमा पनि त्यसको असर नपर्ने कुरै भएन । तर कोरोनाको कारणले मानिसहरु मरेका हुन भन्ने पत्यारिला आधारहरु नेपालमा अहिले सम्म छैन् । तर पनि सतर्क हुनुपर्छ । सजग रहनुपर्छ । नेपालमा कोरोनाको माहामारीको हल्ला शुरु भएर लकडाउनको अवस्थाको करिब ३ महिनामा झण्डै एक हजार मानिसहरुले आत्महत्या गरेका छन् । यो हाम्रो देशको लागि निक्कै चिन्ताको बिषय हो । मानिस संसारकै सर्वश्रेष्ठ प्रणी हो । त्यही मानिसहरु किन आत्महत्या गर्न सम्म पुग्छन् । समाजमा गरिएका अध्ययनहरुले मानिसहरु कुनैले आफ्नो प्रतिष्ठा गुमेको आत्म गलानी भएको, आर्थिक रुपमा कमजोर भएको र कतै पनि सानत्वना सहयोग नपाउदा, घरपरिवारको अस्वभाविक दवाव जस्ता कारणहरुले मानिसहरुले आत्म हत्या गरेको अध्ययनहरुले देखाउछ ।

यो पछिल्लो समयमा त कोरोनाको हल्ला, त्रास, र मानिसहरुले बनाएको तालिकामा एक्कासी रोकावट आउदा बनेका कामहरु सवै ध्वस्त भएका र बन्दै गरेका कामहरु हुन नसकी अधुरै छोड्नु परेका कतिपय ऋणमा पैशा लिएर यतिवेला सम्म मेहनत गरेभने तिर्न सक्छु भन्ने सोच राखेर काम गरिरहेका सवै पक्षहरु प्रवाभित भएका छन् यस्तो वेला जिम्मेवार निकायहरुको सानत्वना प्रोत्साहन आत्मवल बढाउने खालका सन्देश धेरै भन्दा धेरै हुन जरुरी छ ।

ताकी नेपालका कुनै पनि नेपालीहरुले कोरोना त्रासवाट अत्तालिएर हतास भएर निरुत्साहित भएर मर्न नपारोस त्यस्तो वातावरण नेपाल सरकारका जिम्मेवार निकायहरुले समयमा नै ध्यान दिइ काम गर्नुपर्दछ । र नेपाली नागरिकहरु अन्य देशको तुलनामा आत्महत्या त्यति बिगतमा थिएन अचेल केही मात्रमा युवा पुस्ता र केही अर्ध बेशका मानिसहरुले पनि आत्महत्या गर्न थालेका छन् । यो नेपालको लागि चिन्ताको बिषय बनेको छ । यहि अवस्थामा कोरोनाको त्रास र लकडाउनका कारण मानिसहरुमा पर्ने अभाव तनाव कम गर्न सरकारले बजारमा अनुगमन गरेर बढेको महगी नियन्त्रण र अनाआवाश्यक हल्ला फिजाउने सामाजिक संञ्जालमा अफवाह फैलाउनेलाई नियन्त्रण गर्नुपर्दछ ।

त्यसको साथसथै नेपालका नेपालीहरुको मनोबिज्ञान बुझ्ने मनो परामर्श बिज्ञहरुद्वारा बेला बेलामा अनलाईन परामर्श दिने काम पनि गर्न जरुरी छ । यसरी मानिसहरुको हकहितमा सवैतिरवाट जस्तै यो माहामारी बच्न सवै नेपालीहरु बीचको एक अर्का प्रतिको सदभाव, सरसहयोग आदान प्रदान जस्ता बिषयहरु निक्कै महत्वपुर्ण हुन्छ । सहजता भएको वेला भन्दा यो संकटको वेला सवै नेपालीहरुले एक अर्का प्रति हौशला प्रदान गरेर मानिसहरुको आत्मवल बढाउन लाग्नुपर्छ ।

यो मानिस भएर जन्मेपछि मानिस भन्दा ठुलो यो संसारमा अरु केही छैन । भन्ने सोच पनि मानिसमा ल्याउनु पर्छ र भने जस्तै गरेर मानवका निमित्ति मानवले गर्ने काम गरेर कुनै पनि मानिस आत्महत्या गर्ने सम्मको अवस्थामा नपुगुन भन्ने हामीले चाहाना राख्नुपर्छ । नेपालीहरुलाई अभावमा पनि कसरी समस्याको सावधान गर्नुपर्छ भन्ने सिकाएर आत्मवल दरिलो पारिदिनुपर्छ । कुनै पनि नेपालीलाई आत्महत्या गर्न दिनु हुँदैन ।

# संविधान संशोधनपछिको सकस : कहिले होला भारतसँग वार्ता ?

**सुशीलारेग्मी**

पाल्पाका सामुदायिक वनले 'एक सामुदायिक वन एक उद्यान' कार्यक्रम अवलम्बन गरी वनलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने कामको थालनी गरेका छन् । नेपाल सरकारले पर्यावरणको संरक्षणर सम्बर्द्धन तथा पर्यटन विकासका लागि 'एक सामुदायिक वन एक उद्यान' कार्यक्रम अघि सारेकाले सामुदायिक वनले धमाधम वनभित्रै बहुआयामिक विकास गरी वनलाई नै आकर्षक पर्यटकीय क्षेत्रका रूपमा विस्तार गर्ने काममा जोड दिएका हुन् ।

जिल्लाका तानसेन, तिनाउ,रामपुर क्षेत्रकाराजमार्ग तथा बजार क्षेत्रको नजिकका वनमा पर्यापर्यटन विस्तारको काम थालिएको पाइएको छ । जिल्लाका एक दर्जन सामुदायिक वनले पर्यटन विकास गर्न पूर्वाधार विकासका काम गरिरहेका छन् । तिनाउ गाउँपालिका- २ स्थित बदेलपोखरी सामुदायिक वनले पर्यापर्यटनका लागि १५ घरमा घरवास (होमस्टे) सञ्चालन गर्ने तयारीका लागि डिभिजन वन कार्यालय पाल्पाबाट रू तीन लाख अनुदानसमेत प्राप्त गरिसकेको छ । सो रकम मगर संस्कृतिका कपडा, बाद्यवादनका सामग्री खरिद गर्ने, घरबास चलाउने १५ घरमा अर्गानिक वस्तु उत्पादन गर्नेल गायतका योजना बनाइएको उपभोक्ता चोमलाल गिरि बताउनुहुन्छ । कूल एक सय ८४ दशमलव ९६ हेक्टर क्षेत्रफलको वन पाँच ब्लकमा विभाजन गरिएको छ । सो वनसँग एकसय दुई घरधुरी आबद्ध छन् जसमा महिला दुई सय ५७र पुरूष दुई सय ७५ गरी पाँच सय ३२ जनसङ्ख्या छ । यो वन सिद्धार्थ राजमार्ग क्षेत्रमारहेकाले पनि पर्यापर्यटन अर्न्तगत घरबास सञ्चालन गरी आयआर्जन वृद्धि गर्न उपभोक्ता उत्साहित भएका हुन् । तिनाउ गाउँपालिकाकै वडा नं ३ दोभानस्थित भुतखोला सामुदायिक वनले पर्यटकीय आकर्षणको केन्द्रका रूपमारहेको भुतखोलाको सिद्ध सरोवर ताल संरक्षण गर्ने, धार्मिक पर्यटन क्षेत्र बनाउने काम गरिरहेको छ । यस आर्थिक वर्षमा जिल्ला वन कार्यालयबाट रू दुई लाखर तिनाउ गाउँपालिकाले रू पाँच लाखरकम सहयोग गरेको अध्यक्ष दिलकुमारीरोकाहाले बताउनुभयो । भुतखोला क्षेत्रमा पहिरो गएको ठाउँमा पर्खाल लगाउने, शौचालय,रेलिङसहितको भऱ्याङ, बसोबासस्थल बनाउने काम भएको छ । गाउँपालिकालाई नै पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास गर्ने लक्ष्यका साथ जलचर संरक्षण गर्न भुतखोलामा वनको वार्षिकोत्सवका दिन हरेक वर्ष दुई हजार माछाका भुरा छाड्ने काम भइरहेको अध्यक्षरोकाहाले बताउनुभएको छ । जिल्लामै उत्कृष्ट वनका रूपमा पुरस्कृत हुन सफल यो वनक्षेत्रले भौगोलिक हिसाबले पर्यटनका धेरै सम्भावना बोकेको छ । सो वनको ८४ हेक्टर क्षेत्रफल छ भने यसमा ४६ घरधुरी आबद्ध छन् । डिभिजन वन कार्यालयले तानसेन नगरपालिका- ८ मा अवस्थित कण्ठेसरा सामुदायिक वनमा गतवर्ष विनियोजित रू पाँच लाख बजेटबाट अजिङ्गर पार्क, झरना तथा मूर्ति निर्माण गरिएको छ । तानसेन नगरपालिकाको श्रीनगरडाँडाका कैलाश वसन्त सामुदायिक वनर श्रीनगर गणेश सामुदायिक वनले पनि पर्यटन विकासको प्रचुर सम्भावना बोकेको छ ।

सदरमुकाम तानसेन बजारको माथिल्लो भागमारहेको यस वनमा घुम्न जानेको चहलपहल ठूलोरहन्छ । यहाँ वनभोज तथा अवलोकनका निम्ति विभिन्न जिल्लाबाट आउने गरेका छन् । यहीँबाट सदरमुकाम तानसेन बजारका साथै अरू विभिन्न स्थानकोरमणीय दृश्यावलोकन पनि गर्न सकिन्छ । श्रीनगर गणेश सामुदायिक वनले गतवर्ष उद्यान निर्माण गरेको छ । जिल्लाको पूर्वी भेगरामपुर नगरपालिकामा रहेकारानीवन तथा बडवान सामुदायिक वन,राम्चे सामुदायिक वनर ज्याग्दी वनले पर्यटन पूर्वाधारका काम थालनी गरेको छ । वन क्षेत्रलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न विभिन्न पूर्वाधार निर्माणका कार्यहरू गरिरहेको बताइएको छ ।

रामपुर नगरपालिका- ४ स्थितरानीवन तथा वडवान सामुदायिक वनले खोप्टार क्षेत्रमा पार्क, शहीद लखन थापाको शालिक निर्माण, शौचालय निर्माण, खानेपानीको व्यवस्था गरेको छ । कालीगण्डकी करिडोरले घेरेको यो क्षेत्रमा पानीको फोहरा, पौडी पोखरी, वनभोजस्थल निर्माण लगायतका योजना बनाइएको छ । चिडियाखाना निर्माण गरेर पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास गर्ने कार्ययोजना तयार पारिएको वन समूहका सचिव हमिद अलिमियाँ बताउनुहुन्छ । अहिले पार्क घुम्न आउनेका लागि बेञ्चदेखि अन्य आधारभूत पूर्वाधारको विकासका कामहरू हुदैछन् । एक सय तीन हेक्टर क्षेत्रफलमा फैलिएको वनको चार हेक्टर क्षेत्रफललाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न लागिएको छ । विपन्न वर्गको आयस्तर उकास्न दश हेक्टर क्षेत्रफलमा अम्रिसो लगाइएको छ । वनमा पर्यटन पूर्वाधार निर्माणका लागि गतवर्ष एक सामुदायिक वन एक उद्यान कार्यक्रम अन्तर्गत प्रदेश सरकारबाट रू चार लाखरकम सहयोग प्राप्त भई पोखरी निर्माणको काम सम्पन्न भएको छ । चार ब्लकमा विभाजित यस वनमा पाँच सय ५५ घरधुरीका उपभोक्ता आवद्ध छन् । रामपुरकै वडा नं ५ स्थितराम्चे सामुदायिक वनले करीब पाँच हेक्टर क्षेत्रफल छुट्टाएर पर्यटन विकासका काम गरिरहेको छ । समुद्री सतहबाट करिब पाँच सय मिटरको उचाइमारहेको वन ९९ हेक्टर क्षेत्रफलमा फैलिएको छ । यहाँ हाल प्रदेश सरकारले छुट्याएको बजेटले बाल उद्यान, सुविधा सम्पन्न दृश्यावलोकन गर्न मिल्ने स्तम्भ, मोटरबाटोको स्तरोन्नति, पानीको फोहरार बगैँचालगायतका पूर्वाधारहरूको विस्तार भएको वन उपभोक्ता समितिका अध्यक्ष कृतिनाथ श्रेष्ठले बताउनुभयो । वनको पूर्वाधार विकासका लागि प्रदेश सरकारले रू ५० लाख बजेट विनियोजन गरेको छ । विनियोजित ५० लाखमध्ये आठ लाख 'कन्टेन्जेन्सी' कटाएर ४२ लाखको टेन्डरमा मोबाइल निर्माण कन्स्ट्रक्सन कम्पनीले काम अघि बढाएको हो । वन क्षेत्रमा पूर्वाधार निर्माणका लागि रू ११ करोड पाँच लाख ३७ हजार बराबरको वजेट लाग्ने प्राविधिक अनुमान गरिएको वन उपभोक्ता समितिका कोषाध्यक्ष काशिनाथरेग्मीले बताउनुभयो । यस वनमा तीन सय २१ घरधुरीका उपभोक्ता आवद्ध छन् ।

यस क्षेत्रमा करिब दुई दशकअघि वनभोजस्थल निर्माण गरिनुका साथैराममन्दिर स्थापना गरिएपछि वनलाई नै पर्यटकीय क्षेत्रका रूपमा अगाडि बढाइएको हो । यही वन क्षेत्रमै कालीगण्डकी उपत्यका अवलोकनका लागि पाँच तलाको भ्युटावर निर्माण गरिएपछि आन्तरिक पर्यटकको चहलपहल बढ्दै गएको छ ।रामपुर क्षेत्रमा हुने विभिन्न कार्यक्रम, वन समूहको भेला, बैठक, गोष्ठी सञ्चालन गर्न चार सय मानिस अट्ने क्षमताको सभाहल पनि छ । यहाँ मृग, खरायो, कालिज, चितुवालगायतका वन्यजन्तुर अनेक प्रकारका चराचुरूङ्गी छन् । आयआर्जन बढाउन वनको तीन हेक्टर क्षेत्रफलमा अम्रिसो खेती गरिएको वन समूहका सचिवराधिका भण्डारीले बताउनुभयो ।

कालीगण्डीको तटमारहेको रामपुर नगरपालिका- ६ स्थित ज्याग्दी वनलाई उद्यानका रूपमा विकास गरिँदैछ । हेटौँडाको शहीद स्मारक पार्कको झझल्को दिनेगरी वानस्पतिक उद्यान निर्माण कार्य थालिएको छ । करिब २६ हेक्टर क्षेत्रफलमा फैलिएको सो वनको चार हेक्टर क्षेत्रफलमा चिडियाखाना, बाल उद्यानसहितको पार्क बनाउन थालिएकोरामपुर नगरपालिका- ६ का वडा अध्यक्ष हुमनाथ न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसाररामपुर नगरपालिकामा रहेको प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको रू चार लाख सहयोगमा काम शुरू गरिएको छ । पार्क निर्माणका लागि नगरपालिकाले यस आर्थिक वर्षमा रू पाँच लाखरकम विनियोजन गरेको थियो । सोरकममध्ये रू एक लाख पार्क भ्रमणमा खर्चिएकोर बाँकीरकमले डिपिआरको काम तयार पारेको ज्याग्दी बृहत् पार्क विकास समितिका सचिव बासुदेव ढकालले बताउनुभयो । यहाँ विभिन्न जातका चराचुरूङ्गी, जडिबुटीरहेकाले पनि वन क्षेत्रलाई पार्कका रूपमा विकास गर्न लागिएको हो । पाल्पामा ७०२ सामुदायिक वन, ११४ कबुलियती वन, चार धार्मिक वनर ४० भन्दा बढी निजी वनरहेको डिभिजन वन कार्यालय पाल्पाकारेन्जर यमलाल पोखरलले बताउनुभयो । डिभिजन वन कार्यालयले एक सामुदायिक वन एक उद्यान विस्तार कार्यक्रममा विभिन्न वनलाई सहयोग गर्न थालेपछि पर्यापर्यटनमा उपभोक्ताले जोड दिएका छन् । उद्यान बन्ने खालका मानिसको बढी आवजावत हुने, सडक तथा बजार क्षेत्रको नजिकरहेका वन क्षेत्रमा पर्यापर्यटन विकासको काम भइरहेको डिभिजन वन कार्यालय पाल्पाका प्रमुख डा मोहनप्रसाद पौडेल बताउनुहुन्छ । "वनका रूख बिरूवा नहटाएर पर्यटकीय क्षेत्र बनाउने कार्यमा जिल्लाका सामुदायिक वन लागिपरेका छन्, पर्यटकीय क्षेत्रका रूपमा पूर्वाधार बढाउँदै जाँदा वनलेराम्रो आयआर्जन गर्ने अवसर प्राप्त गर्नेछन्" प्रमुख पौडेलले भन्नुभयो । केही निजी वन तथा कबुलियती वनले पनि पर्यटन विस्तारका कामहरू गरिरहेका छन् । निस्दी गाउँपालिका- ३ स्थित झिरूवासको कबुलियती वन अहिले पाल्पा जिल्लाकै उत्कृष्ट पर्यटकीय गन्तव्यस्थलका रूपमा चिनिन पुगेको छ ।

इलामको चियाबगानको झझल्को दिने कबुलियती वनमा अम्रिसो खेती गर्न थालेपछि स्थानीयवासीले राम्रो आयआर्जनको अवसर पाएको पनि जनाएका छन् । यो क्षेत्रमा हरेक समय अवलोकनर वनभोज गर्न जानेको आकर्षण बढेको देखिएको छ ।

यसरी यहाँका सामुदायिक वनहरूले घरबास सञ्चालन, विभिन्नथरि जडीबुटीर रूखहरू हुर्काउने, वनभोज तथा अवलोकनका लागि आन्तरिक पर्यटक आकर्षित गर्ने, चराचुरूङ्गी हुर्काउने, बाह्य पर्यटकलाई आकर्षित गर्न उनीहरूले दृश्यावलोकन गर्ने प्रयोजनका लागि घरबासका अतिरिक्त आवश्यक भ्यूटावरलगायतका पूर्वाधार निर्माण गर्नेजस्ता कार्यक्रम अघि सारेका छन् । यहाँका वनहरूले वन पैदावरबाट मात्र नभई यी कार्यक्रमहरूमार्फत पर्यटनको विकास गरी यसलाई पनि आयआर्जनको माध्यम बनाउने योजना बनाएका हुन् ।

### नेकपा....

अधिकांश समय सरकारको बचाउमा खर्चिएका थिए । आ६नो नेतृत्वको सरकारले देशलाई समाजवाद उन्मुख बनाएको र कोरोना भाइरसको महामारी नियन्त्रणमा पनि राम्रो काम गरेको उनको दाबी थियो ।

कोरोना कारण २/३ जनाको मात्र मृत्यु भएको तर अरु बिमारीका कारण मृत्यु भएको भए पनि कोरोना पोजेटिभ देखिएपछि कोरोनाबाटै भएको मृत्युमा गणना गर्नुपर्ने विश्व स्वास्थ्य संगठनको प्रोटोकोलका कारण मात्र २४ पुगेको उनले बताए ।

प्रधानमन्त्री ओलीले यो बैठकले पार्टी एकताको सन्देश दिन सक्नुपर्नेमा समेत जोड दिए । बैठकलाई सम्बोधन गर्दै ओलीले अहिले देखिएका समस्याको सामना राजनीतिकरुपमै गरिने बताए ।

मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) लगायत पार्टी एकताबारे निर्णय गर्न मंसिर २९ गते एक हप्ता बसेर स्थगित भएको बैठक ७ महिनापछि बसेको हो । यसअघि वैशाख २५ र ३१ गते दुईपटक मिति तय गरेर स्थगित गरिएको थियो ।

सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी विधेयक तत्काल अगाडि नबढाउने निर्णय गरेको छ ।

अख्तियारलाई अर्को सत्ता बनाउने गरी विधायन समितिले राष्ट्रिय सभामा प्रतिवेदन पेश गरेको भन्दै प्रवक्ता नारायणकाजी श्रेष्ठ प्रकाशले बैठकमा विधेयकको विरोध गरेका थिए ।

प्रतिवेदनमा आएजसरी नै विधेयक पास गरे दुरुगामी असर पर्नेभन्दै नेताहरुले विरोध गरेपछि यसलाई थाँती राख्ने निर्णय भएको एक नेताले जानकारी दिए ।

### सांसद....

निम्नस्तरका निमुखा मानिस मात्र क्वारेन्टिनमा बस्नुपर्ने जनगुनासो स्थानीयवासीबाट आएपछि त्यसलाई नजिकबाट नियाल्न सहयोग पुगेको उहाँको भनाइ छ ।

क्वारेन्टिनमा बस्ने क्रममा प्रतीक्षालय, शौचालय निर्माणसँगै क्वारेन्टिन आसपासमा सूचनामूलक सामग्रीसमेत टाँस गरिएको उहाँले जानकारी दिनुभयो ।

तल्लो स्तरका मानिसलाई मात्र क्वारेन्टिनमा बस्न बाध्य पारिन्छ भन्ने खालको स्थानीयवासीबाट गुनासो आउने गरेको छ, तर म आफैं क्वारेन्टिनमा बसेपछि अहिले जनतामा पनि सकारात्मक धारणाको विकास भएको छ,

सबै उच्च तहका मानिसले सरकारको नियमलाई पालना गर्दै कोरोनाको विषयमा सजग रहने खालका सन्देश प्रवाह गर्नसके स्थानीयवासीमा भएको कोरोना त्रास कम हुने थियो, यसले एक प्रकारको औषधि कै काम गर्न सक्छ, स्थानीयवासीलाई अहिले कोरोनासँग लड्न हौसलाको पनि खाँचो छ, सांसद किराँतीले भन्नुभयो ।

विभिन्न ठाउँबाट जिल्ला प्रवेश गर्नेको सत्त्या वृद्धि भइरहँदा पँहुच र शक्तिको आडमा क्वारेन्टिनमा नबस्ने धेरै छन् तर सांसद नै सरकारले जारी गरेको प्रावधानलाई पालना गर्दै क्वारेन्टिनमा बसेपछि स्थानीयवासी खुसी भएका छन् ।

यसले अन्य मानिसमा समेत सकारात्मक सन्देश जाने स्थानीयवासीको भनाइ छ ।

# शिक्षकलाई तलब दिन शुल्क उठाउँदा जेल जानुपर्छ

प्याब्सन अध्यक्ष टिकाराम पुरीले निजी विद्यालयले शुल्क माग्ने बाध्यता भएको बताएका छन् । उनले शिक्षकलाई तलब दिनका लागि शुल्क उठाउन खोजेको भन्दै यसलाई नरोक्ने बताएका छन् । यसै सेरोफेरोमा पुरीसँग रेडियो एनआरएनका लागि ऋषि धमलाले गरेको कुराकानीः

**अहिलेको बेलामा विद्यार्थीहरूसँग शुल्क मागेर किन बेमौसमको बाजा बजाउनुभयो ?**

यो बेमौसको बाजा होइन, मौसमी नै हो । सबैलाई थाहा छ तीन महिनादेखि विद्यालयहरू सबै बन्द छन् । यो बेलामा हामीले भर्चुअल क्लासबाट पनि शिक्षा दिइरहेको अवस्था हो ।

हाम्रा शिक्षक, कर्मचारीहरूले काम गरिरहनुभएको छ । अन्य क्षेत्रले जस्तो ठप्प गरेर बसेको परिस्थिति होइन । उहाँहरूलाई हामीले तलब दिन सकेका छैनौं । उहाँहरूलाई हातमुख जोड्न पनि समस्या भइसकेको छ ।

**विद्यार्थीहरू घरमा बसिरहेको बेलामा तपाईंले किन शुल्क माग्नुभयो ?**

अभिभावकहरू पनि कुनै सामुदायिक विद्यालयका शिक्षक, कर्मचारी, तथा नेपाल सरकारका कर्मचारी हुनुहुन्छ । त्यस्तै गरी संस्थानका कर्मचारी, बैंकमा काम गर्ने बैंकर्सहरू हुनुहुन्छ । अथवा जसको लकडाउनका समयमा पनि रेगुलर आम्दानी घटेको छैन भने त्यस्ता अभिभावकहरूले केही सहयोग गर्न सकिन्छ गरौं भनेर आह्वान मात्रै गरेको हो । हामीले अहिले नै तपाईंहरूले सबै शुल्क बुझाउनुपर्छ भनेको पनि होइन ।

कम्पनिमा मानवीयताको पनि कुरा आउँछ । सरकारलाई हामीले सस्तो ब्याजदरमा ऋण देऊ भन्दा पनि दिएको छैन । कम्पनिमा शिक्षक, कर्मचारीहरूको हातमुख जोर्ने व्यवस्था हुनुपर्यो भन्दा अन्यथा हुन्छ ।

**विद्यार्थी संगठनका नेता रंजित तामाङले प्याब्सनले निर्णय फिर्ता नगरे कारबाही गर्ने भन्नुभएको छ नि ?**

कारबाही त शिक्षा सम्बन्धी ऐन, नियम र वर्तमान संविधानलाई टेकेर गर्ने होला । कारबाही भनेको कसैले मसल देखाएर हुँदैन । शिक्षा ऐन, नियम, कानुन बमोजिम नै कारबाही हुने हो । हामीले जबर्जस्ती गरेका छैनौं, खाली सार्वजनिक अपिल मात्रै गरेका हौं । यति गर्दा जेलमै बस्नुपर्छ भने पनि हामी तयार छौं । तर, एउटा यो सरकार र विद्यार्थी संगठनहरूले हाम्रा घर भाडा र शिक्षक कर्मचारीको तलबको लागि वैकल्पिक व्यवस्था सोच्नुपर्यो । होइन भने हामीले विद्यालय सञ्चालन गर्नुपर्ने अवस्था आएको छ ।

**टिकारामजी तपाईंहरूले आफना कर्मचारी र शिक्षक र व्यवसायलाई मात्रै सोच्ने कि देश र जनताको लागि पनि उत्तरदायी बन्ने ?**

हामीले देश र जनताको लागि गम्भीर भएर सामाजिक उत्तरदायित्व बहन गर्न नचाहने होइनौं । विद्यार्थी संगठनका नेता रन्जितजी एक महिनाको शुल्क छुट दिनुभन्नुभयो । हामीले त्यो छुटकै कुरा गरेका छौं । हामीले चैत महिनाको पहिला नै लिइसकेका थियौं । अब वैशाख महिनादेखि लागु हुने गरी एक महिनाको शुल्क छुट दिने निर्णय गरेका छौं ।

त्योभन्दा बाहेक अरू पनि सहयोग गर्न तयार छौं । तर, अहिले चाही मानवीय संकटनै परेको हुनाले र सरकारले पनि सहयोग नगरेको हुनाले सहयोगी अभिभावकहरू हुनुहुन्छ भने गरौं भनेर आह्वान गरेका मात्रै हौं ।

त्यो भन्दा बाहेक कुनै पनि अपराध गरेका छैनौं । सामाजिक उत्तरदायित्व बहन नगरेको पनि होइन । हामीले पनि जिल्ला-जिल्लामा राहतहरू बाँडेका छौं । प्रदेश-प्रदेशमा पनि राहत बाँडेका छौं । क्वारेन्टाइनमा पनि सहयोगहरू गरेका छौं ।

**तपाईंहरूले त आफना लागि गर्नुभएको छ टिकारामजी, देश र जनताको केही गर्नुभएको छैन ?**

आफ्नो लागि मात्रै होइन । हामीले चाही सामाजिक कुरा गर्दा पनि आफ्नो लागि हुने । आफ्नो समस्या देखाउँदा असाजिक हुने ।

**हामीले देश र जनताको लागि गम्भीर भएर सामाजिक उत्तरदायित्व बहन गर्न नचाहने होइनौं । विद्यार्थी संगठनका नेता रन्जितजी एक महिनाको शुल्क छुट दिनुभन्नुभयो । हामीले त्यो छुटकै कुरा गरेका छौं । हामीले चैत महिनाको पहिला नै लिइसकेका थियौं । अब वैशाख महिनादेखि लागु हुने गरी एक महिनाको शुल्क छुट दिने निर्णय गरेका छौं । त्योभन्दा बाहेक अरू पनि सहयोग गर्न तयार छौं । तर, अहिले चाही मानवीय संकटनै परेको हुनाले र सरकारले पनि सहयोग नगरेको हुनाले सहयोगी अभिभावकहरू हुनुहुन्छ भने गरौं भनेर आहवान गरेका मात्रै हौं । त्यो भन्दा बाहेक कुनै पनि अपराध गरेका छैनौं । सामाजिक उत्तरदायित्व बहन नगरेको पनि होइन । हामीले पनि जिल्ला-जिल्लामा राहतहरू बाँडेका छौं । प्रदेश-प्रदेशमा पनि राहत बाँडेका छौं । क्वारेन्टाइनमा पनि सहयोगहरू गरेका छौं ।**



**टिकाराम पुरी**
**अध्यक्ष, प्याब्सन**

**निजी क्षेत्रका स्कुल, कलेज सञ्चालकहरू पैसा कमाउन मात्रै लाग्नुभएको छ नि ?**

किन भने नेपाल सरकारले हाम्रो लागि अभिभावकको भूमिका निर्वाह गरेन । हाम्रो गुनासो सुनेन । अब ठिक छ राष्ट्रियकरण नै गर्ने हो भने पनि बहस अगाडि बढाऊँ । राष्ट्रियकरणका लागि हामी तयार छौं । हाम्रो मुआज्वा आओस् । ऋण, धन व्याहोरियोस् । दायित्व बहन गरेर नेपाल सरकारले राष्ट्रियकरण गर्छ भने हामी तयार छौं ।

**सरकारले अहिलेको अवस्थामा शुल्क नउठाउनु भनेर निर्देशन पनि दिइसकेको छ, अब तपाईंहरू आफ्नो निर्णयबाट ब्याक हुनुहुन्छ ?**

निर्णयबाट ब्याक हुने भन्दा पनि औपचारिक रूपमा मैले सर्कुलर हेरेको पनि छैन । मैले सञ्चारमाध्यमबाट थाहा पाएको हो । अब हाम्रो संगठनमा छलफल गर्छौं र नयाँ ढंगले सोच बनाउनुपर्ने परिस्थिति आएको छ ।

हामीले पनि शिक्षक, कर्मचारीको व्यवस्थापन गर्न नसकेपछि नयाँ ढंगले सोच्न वाध्य हुनुपर्छ । यो भार अब लामो समयसम्म थेगेर हिड्न सक्दैनौं ।

**तपाईंहरूले विगतमा कमाएको पैसा बाँडिदिनुस् दुई/चार महिना के गाह्रो छ र ?**

विगतमा कमाएको पैसा राख्ने कति स्कुल, कलेज छन् । ८० प्रतिशत स्कुल त ऋण अवस्थामा रहेका छन् । हिजो जानीनजानी स्वरोजगारका लागि विद्यालयहरू स्थापना भए । हामीले पनि स्वरोजगारका लागि विद्यालय सञ्चालन गरेका हौं । हिजो कमाएको भन्ने थोरै प्रतिशतमा हुन सक्छ । हामीले निर्णय गरेर शुल्क निर्धारण गर्दा हामीलाई नाफा कमाऊ भनेर कहिल्यै भनिँदैन ।

शुल्क निर्धारणको पनि एउटा मापदण्ड त्यसअनुसार हामीले शुल्क निर्धारण गर्नुपर्छ । त्यतिकै अरू भनेजस्तो बाहिर सुनेजस्तो हचुवाको भरमा शुल्क लिने कुरा हुँदैन । अर्को विद्यालयको गुणस्तर अनुसार पनि शुल्क निर्धारण हुन्छ ।

**अरू केही तपाईंको राय, दृष्टिकोण ?**

मेरो राय, दृष्टिकोण भन्दा अब नेपाल सरकारले नयाँ ढंगले जिम्मेवारी लिन तयार हुनुपर्छ । हामी पनि नयाँ ढंगबाट प्रस्तुत हुँदैछौं । किन भने हामीलाई पटक-पटक मार्ने प्रयत्न भइराखेको छ ।

किन सधैंभरी निजी विद्यालयलाई कमाइस्, खाइस् ठगिस् भन्ने आक्षेपहरू आइराखेको छ । हामीले राष्ट्र राष्ट्रियतलाई जोगाउने गरी हामीले शिक्षा दिएका हौं । कुनै अपराध गरेका पनि छैनौं ।

अब हामी पुरानै ढंगले बस्नेवाला छैनौं नयाँ ढंगले सोचन वाध्य भइसकेका छौं ।

## विकास बजेटमा कमी आउँदैन : मुख्यमन्त्री पोखरेल

खस्यौली । प्रदेश नं ५ का मुख्यमन्त्री शङ्कर पोखरेलले विकास बजेटमा कमी नआउने गरी प्रबन्ध गरिएको बताउनुभएको छ । प्रदेशसभामा राजश्व र व्ययको अनुमान बजेट वक्तव्यमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै उहाँले बजेट सैद्धान्तिक हिसाबले अनुकूल रहेको बताउनुभयो । मुख्यमन्त्री पोखरेलले स्वास्थ्यका क्षेत्रमा राज्यको लगानी पर्याप्त आवश्यक हुने भएकाले स्वास्थ्य पूर्वाधारका क्षेत्रमा उल्लेख्य लगानी बढाउने नीति लिइएको उल्लेख गर्नुभयो । उहाँले खाद्यान्नको अभाव हटाउन कृषि उत्पादन बढाउने विषयमा जोड दिइएको जानकारी दिँदै कोभिड विशेष कार्यक्रमबाट साना किसान कहाँ पुग्ने नीति तय भएको बताउनुभयो । "रोजगारीको अवसर र स्वरोजगार सिर्जना गर्ने विषयमा बजेटको उच्च प्राथमिकता रहेको छ", उहाँले भन्नुभयो । छलफलमा भाग लिँदै विपक्षी दलका नेता तथा सार्वजनिक लेखा समितिका सभापति डिल्लीबहादुर चौधरीले बजेटले संस्कृतिको संरक्षणमा जोड नदिएको आरोप लगाउँदै ठूला मानिस मोटाउने अनुदानको अर्थ नभएको बताउनुभयो । प्रदेशसभाका सदस्य इन्द्रजीत थारुले बजेटमा आर्थिक विकासको सोच भविष्य र वर्तमानमा झल्किएको उल्लेख गर्दै काम गर्ने मनोविज्ञान पुरातन भएको बताउनुभयो । प्रदेशसभा सदस्य दामा शर्माले आत्मनिर्भर अर्थतन्त्र विकासका लागि बजेट सन्तुलित ढङ्गले आएको उल्लेख गर्नुभयो । अर्का सदस्य सहसराम यादवले बजेटका कतिपय विषय प्रशंसनीय भएकामा जोड दिँदै खानेपानीको योजना अधुरो भएकाले 'एक घर, एक धारा' कार्यान्वयनमा शङ्का भएको बताउनुभयो । छलफलमा प्रदेशसभाका सदस्य भोजप्रसाद श्रेष्ठ, दीपेन्द्र पुन मगर, कल्पना पाण्डे, तारा जिसी, सन्तोष पाण्डेलगायतका बजेट सोचेभन्दा प्रगतिशील भएको बताउनुभयो । सो अवसरमा मुख्यमन्त्री पोखरेलले आर्थिक मामिला तथा योजनामन्त्रीका तर्फबाट आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यका लागि प्रदेश नं ५, प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजना गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावसभामा प्रस्तुत गर्नुभएको थियो । सामाजिक विकासमन्त्री सुदर्शन बरालबाट सेवा केन्द्र तथा पुनःस्थापना केन्द्रको स्थापना तथा सञ्चालन र सेवा तथा पुनःस्थापना कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफाबार छलफल गरियोस् भन्ने प्रस्ताव सभामा प्रस्तुत गर्नुभएको थियो । मुख्यमन्त्री पोखरेलले आर्थिक मामिला तथा योजनामन्त्रीका तर्फबाट प्रदेशसभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी (दोस्रो संशोधन) विधेयक २०७७ माथि दफाबार छलफल गरियोस् भन्ने प्रस्तावसभामा प्रस्तुत गर्नुभएको थियो ।

## माथिल्लो तामाकोशी : जटिल काम सकिँदै

रमेश लम्साल

काठमाडौँ । सरकारले लकडाउन गरेपनि एकाध दिन बाहेक काम नरोकिएको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको सबैभन्दा महत्वपूर्ण र जटिल निर्माण सम्बन्धी काम यसै साता सकिने भएको छ । राष्ट्रिय गौरवको आयोजना माथिल्लो तामाकोशीको जटिल मानिएको दुई ठाडो सुरुङको काममध्ये त लकडाउनको समयमा उल्लेख्य प्रगति मात्रै भएन सम्पन्न नै हुने चरणमा पुगेको छ । आयोजनाका प्रवक्ता डा.गणेश न्यौपानेका अनुसार कूल ६८३ मिटर लामो दुई ठाडो सुरुङमध्ये २२.५ मिटर मात्रै बाँकी छ । गत असारदेखि ठाडो सुरुङमा पाइप जडानको काम शुरू भएको थियो । वर्षदिनमा जटिल काम सम्पन्न हुन लागेको हो । कूल ३७३ मिटर लामो तल्लो ठाडो सुरुङको पाइप जडान सम्पन्न भएको छ । पाइप जडानको काम सकिएपछि अष्ट्रियन कम्पनीले थप कामका लागि भारतीय कम्पनीलाई जिम्मा लगाउँछ । एउटा पाइप राख्न न्यूनतम पाँच दिन लाग्ने भएकाले आगामी शुक्रबारसम्म ठाडो सुरुङमा पाइप जडानको काम सकिनेछ । तल्लो ठाडो सुरुङको काम अष्ट्रियन निर्माण व्यवसायी एन्ड्रिज हाइड्रोले गरेको हो । कार्यकुशलता देखाउन नसकेको भारतीय निर्माण व्यवसायी टेक्सम्याकोले लकडाउनको समयमा आफूलाई अब्बल सावित गरेको छ । प्राप्त विवरणअनुसार कूल ३१० मिटर लामो माथिल्लो ठाडो सुरुङमध्ये हालसम्म २८७.५ मिटरमा पाइप जडानको काम भइसकेको छ । प्रवक्ता न्यौपानेका अनुसार अब बाँकी २२.५ मिटर मध्ये २० मिटर शुक्रबारसम्म काम सम्पन्न गरिनेछ । बाँकी रहने २.५ मिटर भने तेर्सो पाइपमा जोड्नुपर्ने भएकाले जडानका लागि थप केही समय लाग्नेछ । "सम्पन्न भएको स्थानमा कङ्क्रिट गर्ने काम बाँकी छ, ती काम सँगसँगै अगाडि बढ्छ । एउटा सकारात्मक अवस्थामा हामी पुगेका छौं । लकडाउनको समयमा सहज रूपमा काम हुनु आफैंमा खुसीको विषय बनेको छ", प्रवक्ता न्यौपानेले भन्नुभयो । माथिल्लो र तल्लो ठाडो सुरुङको बीचको १०० मिटर लामो सुरुङमा पाइपनै जडान गरिने भएकाले असजिलो काम सकिएपछि निर्माण व्यवसायी सो कामका लागि परिचालित हुनेछ । चालू आव सकिने दिनसम्म आयोजनाको काममा उल्लेख्य प्रगति हासिल हुने विश्वास लिइएको छ । कोरोना कहरका बीचमा घरभित्रका नागरिकलाई आशाको सञ्चार भर्ने काम आयोजनाले गरेको छ । विपद्सँग जुध्दै भएका कामले नेपालीलाई एक खालको आत्मविश्वास भरिदिएको छ । लाखौं नेपालीको आशा र भरोसाको केन्द्र विन्दुमा रहेको माथिल्लो तामाकोशीले लकडाउनमा दिएको सन्देश घरभित्रै बस्न बाध्य भएका नेपालीलाई हर्षित तुल्याउने खालको छ । आयोजनामा लगानी गर्ने शेयरधनी १० लाख बढी छन् । नियमितरूपमा पूर्ण क्षमतामा काम हुन पाएको भए राष्ट्रिय गौरवको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको काम करिब सम्पन्न हुने अवस्थामा पुग्ने थियो । लकडाउनपछि आयोजनाको काम केही समय प्रभावित भयो ।

एकाध दिन रोकिए पनि आयोजनाले सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपाय अपनाएर काम चालू नै राखियो । यसअघि तय गरिएको कार्यतालिकामा निर्माण सकिएको भए दैनिक करिब रु पाँच करोड बराबरको क्षतिसमेत नहुने अवस्था आउने थियो । भूकम्प, नाकाबन्दी र कोरोना कहरसँग जुधेर आयोजनाले आयोजना सम्पन्न हुने चरणमा पुगेको हो । यस्तै आयोजनाको सुरुङको तेर्सो स्थानमा जडान हुने केही पाइपको पनि जडानको काम अगाडि बढाउने र घुमेको पाइप जडानको काममा समेत गति दिन लागिएकाले एकाध दिन भित्रै सम्पन्न हुनेछ । सुरुङमा ऋडक्रिट लाइनिङ र ग्राउटिङको काम भइरहेको छ । बाँधस्थलको गत वैशाखमाने परिक्षण सम्पन्न भइसकेको छ । प्रसारण लाइन निर्माणको काम पूरा भइसकेको छ । राष्ट्रिय गौरवको आयोजना भएकाले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री वर्षमान पुनले लकडाउनको समयमा गृह मन्त्रालयसँग आवश्यक समन्वय गरेर निर्माण सामग्रीको ढुवानीमा सहजीकरण गरिदिनु भएको थियो । आयोजनाले यसअघि केही अत्यावश्यक सिमेन्ट, रडलगायत सामग्रीको नियमित आपूर्ति गरेको थियो ।

आयोजना स्थलमा लकडाउनको समयमा झण्डै ६५० श्रमिक कार्यरत थिए । विद्युत् उत्पादन गर्ने उपकरणलगायत सामग्री भने जडान गरेर तम्तयारी हालतमा राखिएको छ । पाइप जडानलगायत अन्य प्राविधिक काम सम्पन्न गरेर सकेसम्म चाँडो पहिलो युनिट सञ्चालनमा ल्याउने तयारीमा नेपाल विद्युत् प्राधिकरण जुटेको छ । एउटा युनिटबाट ७६ मेगावाट विद्युत् उत्पादन हुनेछ । आयोजनामा कूल छ वटा विद्युत् उत्पादन गर्ने युनिट छन् । सरकारले विशेष व्यवस्था गरेर राष्ट्रिय गौरवका आयोजनालाई अगाडि बढाउने प्रबन्ध गरेको छ ।

# स्प्रेड दर खारेज गर्न बैकर्स संघको आग्रह

नेपाल बैकर्स संघले निक्षेपमा दिने र कर्जामा लिने ब्याजदरबीचको अन्तर अर्थात स्प्रेड दर तोकिने अभ्यासलाई अन्त्य गर्न राष्ट्र बैंकसमक्ष आग्रह गरेको छ । संघले आगामी आर्थिक वर्षको मौद्रिक नीतिका लागि सुझाव दिंदै राष्ट्र बैंकले तोक्दै आएको स्प्रेड खारेज गर्नुपर्ने सुझाव दिएको हो । छिमेकी मुलुकहरूमा समेत ब्याजदर अन्तरको सीमा नतोकिएको हुनाले नेपालमा पनि त्यो अभ्यासको अन्त्य गर्नुपर्ने संघको माग छ । संघले बैंक तथा वित्तीय संस्थाहरूबीचको तीव्र प्रतिस्पर्धाले बैंकहरूले प्रदान गर्ने सेवाहरूको गुणस्तरमा सुधार हुँदै गएको, कमिसन दर घट्दै गएको, ब्याजदर अन्तर तथा विनिमय दर अन्तरसमेत कम हुँदै गएको र बैंकहरूको 'रिटर्न अन इक्विटी' निरन्तर रूपमा घट्दै गइरहेकाले स्प्रेड तोक्नु सान्दर्भिक नभएको जिकिर गरेको हो । संघले आधार दर गणना गर्दा सञ्चालन लागतको शतप्रतिशत रकम राख्नु उपयुक्त हुने र पुनर्कर्जा अन्तर्गत प्रदान गरिएको रकम पूर्णरूपमा ग्राहकलाई प्रदान गरिने हुनाले सो रकमलाई आधारदर गणना गर्दा हटाउन समेत संघले केन्द्रीय बैंकलाई सुझाव दिएको छ । संघले मर्जर तथा प्राप्तिका लागि पुरानो सहुलियतको निरन्तरताका साथै अनिवार्य तरलता अनुपात (सीआरआर)मा समेत थप छुट माग गरेको छ । संघले दुई वर्षका लागि सीआरआरमा थप एक प्रतिशत छुट दिन सुझाएको छ । संघले विद्युतीय भुक्तानीको सीमा बैंकहरूले नै तोक्नसक्ने नीतिगत व्यवस्था गर्न माग गरेको छ । विद्युतीय कारोबारलाई व्यवस्थित तथा सुरक्षित बनाउनका लागि न्यूनतम अपनाउनुपर्ने सुरक्षा मापदण्ड तोकी बैंक तथा वित्तीय सस्थाहरूको डिजिटल बिजनेस ग्रोथका आधारभूत मापदण्ड निर्धारण र वित्तीय क्षेत्रमा प्रत्यक्ष संलग्न भएका मर्चेन्ट, वालेट, एजेन्ट्स, भेन्डर लगायतको सुपरीवेक्षण, अनुगमन र निरीक्षण सम्बन्धमा समेत स्पष्ट व्यवस्था गर्न आग्रह गरेको छ । साथै, अन्तर्राष्ट्रिय सेवाप्रदायक भिसा, मास्टर कार्ड, युनियन पेहरूले लिने शुल्क कम गर्नका निमित्त नेपाल राष्ट्र बैंकबाट आवश्यक पहल भएमा यी सेवा प्रदायकलाई मुलुकबाट शुल्कवापत बाहिरिने खर्च कम हुने बैकर्स संघको सुझाव छ । नेपाल बैंकर्स संघले वाणिज्य बैंकहरू बीच सहकार्य गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा कर्जा प्रवाह वा प्राथमिकताप्राप्त क्षेत्र तथा सहुलियतपूर्ण कर्जा प्रवाहमा रेगुलेटरी प्रयोजनको लागि मात्र पोर्टफोलियो खरीद बिक्री गर्नसक्ने व्यवस्था गर्न माग गरेको छ । संघले आगामी मौद्रिक नीतिबारे राष्ट्र बैंकलाई दिएको सुझावमा वाणिज्य बैंकअनुसार कुनै बैंकको कृषि, कुनैको ऊर्जा तथा कसैको अन्य क्षेत्रमा फरक-फरक क्षेत्रमा दक्षता रहेको भन्दै आफ्नो दक्षता भएको क्षेत्रमा विशेष जोड दिंदा राष्ट्र बैंकले लिएको लक्ष्यअनुसार कर्जा प्रवाह हुने जनाएको छ । कोभिड-१९ का कारण परेको नकारात्मक प्रभावलाई मध्यनजर गर्दै ब्याज अनुदान सहितको सहुलियत कर्जामा ७ वर्षसम्म ब्याज अनुदान दिने व्यवस्था गर्न माग गरेको छ । हाल ५ वर्षसम्मका लागि ब्याज अनुदान दिने व्यवस्था भएकोमा ब्याज अनुदानको अवधि दुई वर्षका लागि थप गर्ने उपयुक्त हुने संघको भनाई छ । कृषि तथा पशुपन्छी कर्जाबाहेक अन्य कर्जा शिर्षकमा ग्रामीण इलाकालाई प्राथमिकतामा राखि २०७७ असार मसान्तसम्म पुऱ्याउनुपर्ने ५०० कर्जाहरू कोभिड-१९ का कारणले गर्दा कतिपय बैंकहरूले सो अनुसार कर्जा प्रवाह गर्न नसकेको अवस्थामा कुनै हर्जाना नलगाउन समेत संघले अनुरोध गरेको छ । एकदिनमा दुईपटक डलर खरिद-बिक्री गर्ने व्यवस्था गर्न सुझाएका छन् । हाल दिनमा एक पटक मात्र डलर खरिद बिक्रीको व्यवस्था छ । हालको व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरूले विदेशी मुद्रा कारोबारको इजाजत प्रत्येक शाखाका लागि छुट्टाछुट्टै लिनुपर्ने व्यवस्था रहेको छ । यसलाई बैंकको केन्द्रीय कार्यालयले इजाजत लिइसकेपछि शाखाहरूको हकमा सम्बन्धित बैंकलाई नै निर्णय गर्न दिनु उपयुक्त हुने संघको माग छ । नेपालको वाह्य व्यापारमा भारतसंगको आयात व्यापारको आकार अत्यन्तै ठूलो छ । नेपाल राष्ट्र बैंकले एक हप्तासम्मको कारोबारलाई धान्ने भारु खरिद गर्न सुविधा पनि दिएको छ । यसरी उपलब्ध सबै नेपाली बैंकहरूको भारु जोड्दा भारतीय बैंकहरूमा धेरै मौज्दात रहन्छ । यो रकम हालसम्म चल्ती खातामा मात्र राख्न सकिन्छ । बकैहरूले सो रकम ओभरनाइट प्लेसमेन्टमा मात्रै लगानी गर्न सक्दा राष्ट्रलाई करोडौं आम्दानी हुने भएकाले सोही बमोजिम गर्न पाउने गरी आवश्यक व्यवस्था गर्न केन्द्रीय बैंकलाई संघले सुझाएको छ । कोभिड- १९ र सो पछिको अवस्थामा बैंक तथा वित्तीय संस्थाहरूको निष्क्रिय कर्जा बढ्न जाने र कर्जा व्यवस्थापनमा समस्या पर्न सक्ने देखिएकाले एसेट्स म्यानेजमेन्ट कम्पनीको स्थापना गर्न पाउनु पर्ने संघको माग रहेको छ ।

## कर्जाको माग बढ्न थाल्यो

सरकारले तोकेको लकडाउनको अवधि नसकिँदै बैंक तथा वित्तीय संस्थामा कर्जाको माग बढेको देखिएको छ । कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि सरकारले लकडाउन सुरु गरेपछि नयाँ कर्जा जारी नगरेका बैंकहरूमा पछिल्लो समयमा कर्जाको माग बढेको हो । सरकारले कोरोनाभाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि गत चैत ११ गतेदेखि लकडाउन गरेको थियो । चैतपछि बैंकहरूमा १३६ अर्ब निक्षेप थपिएको छ भने यस अवधिमा बैंकहरूले १३ अर्बमात्र कर्जा प्रवाह गरेका छन् । वैशाख र जेठ महिनामा मात्रै बैंकहरूमा ८७ अर्ब निक्षेप थपिएको छ भने २९ अर्बले कर्जा घटेको छ । लकडाउन नै भए पनि बैंकहरूले केही कर्जा असुल गर्दा कर्जाको रकम घट्न गएको हो । पछिल्लो एक महिना अर्थात जेठ महिनामा ६२ अर्ब निक्षेप थपिंदा २० अर्ब कर्जा घटेको देखिन्छ । जेठ ३० गतेसम्ममा वाणिज्य बैंकहरूको कुल निक्षेप संकलन ३२ खर्ब ७६ अर्ब रहेको छ भने कुल कर्जा प्रवाह २८ खर्ब १६ अर्ब रहेको छ । चालू आर्थिक वर्षको सुरुवात अर्थात २०७६ साउन १ गते बैंकहरूमा २८ खर्ब ७८ अर्ब निक्षेप थियो भने त्यस अवधिमा बैंकहरूले २४ खर्ब ९८ अर्ब कर्जा परिचालन गरेका थिए । चालू आर्थिक वर्षमा बैंकहरूमा ३९८ अर्बले निक्षेप बढेको छ भने ३१८ अर्बले कर्जा बढेको छ । लकडाउन अगाडि बैंकहरूमा निक्षेपको भन्दा कर्जाको वृद्धिदर बढी हुने गरेको थियो ।

# पर्यटनमा सहकारीको आकर्षण बढ्दै

ग्रामीण क्षेत्रमा होमस्टेदेखि स–साना होटल, रिसोर्टका साथै कृषि फार्महरूमार्फत कृषि पर्यटन र फार्म–स्टे जस्ता क्रियाकलापहरु सहकारीमार्फत हुन थालेका छन् । सरकारले सहकारी संस्थाहरूलाई उत्पादन तथा सेवामूलक क्षेत्रमा प्रोत्साहन गरेसँगै सहकारी संस्थाहरु पर्यटकीय गतिविधिमा आकर्षित हुन थालेका छन् । पर्यटन सहकारीका साथै बहुउद्देश्यीय र कृषिलगायतका सहकारीको माध्यमबाट ग्रामीण क्षेत्रमा पर्यटनजन्य व्यवसायमा सहकारीको चासो बढ्न थालेको हो । सहकारीको माध्यमबाट ग्रामीण क्षेत्रमा होमस्टेका साथै स–साना होटल, रिसोर्टका साथै कृषि फार्महरूमार्फत कृषि पर्यटन र फार्म स्टे जस्ता क्रियाकलापहरु बढ्न थालेका छन् ।

नेपाल पर्यटन केन्द्रीय सहकारी संघका उपाध्यक्ष मुकुन्द दाहालका अनुसार देशभर एक सयभन्दा बढी पर्यटन सहकारी दर्ता भएका छन् । यसैगरी दुई वटा जिल्लामा पर्यटन सहकारीको जिल्ला संघ र केन्द्रीय संघ समेत दर्ता गरी पर्यटन सहकारीहरूको संस्थागत विकासका लागि समेत पहल भइरहेको उपाध्यक्ष दाहालले जानकारी दिए । केन्द्रीय संघमा विभिन्न जिल्लाका ३० वटा पर्यटन सहकारीहरु आवद्ध रहेको उनले जानकारी दिए ।

पर्यटन नेपालको मुख्य सम्भावनायुक्त क्षेत्र भएकाले सहकारी पनि यसमा विस्तारै अघि बढ्दैछ संघका उपाध्यक्ष दाहालले भने, पर्यटन व्यवसायमा आवद्ध साथीहरु मिलेर सहकारी गठन गरी होमस्टेदेखि होटल सञ्चालनको काम भइरहेको छ । राज्यसँग सहकारीको तथ्यांक तथा अभिलेख राख्ने प्रणाली नहुँदा सहकारीमार्फत पर्यटन विकासमा भएका गतिविधिहरूको विवरण भने बाहिर आउन सकेको छैन । संघका अनुसार सौराहामा पर्यटकहरूलाई हात्ति सफारी गराउने काम सहकारीमार्फत नै भइरहेको छ । यसैगरी नुवाकोटको पर्यटन सहकारीमार्फत नै रिसोर्ट संञ्चालनमा छ ।




ललितपुरमा पनि सहकारीमार्फत नै रिसोर्ट निर्माण भइरहेको छ । ललितपुरको गोटीखेलमा निर्माणाधीन रिसोर्टले ग्रामीण पर्यटन विकासमा पद्दत पुऱ्याउने सहकारी अभियन्ता रामशरण शर्मा घिमिरे बताउछन् । सहकारीमार्फत पर्यटन विकासको सम्भावना देखेर नै हामीले लगानी गरेका हौं, उनले भने, कोरोनाका कारण केही ढिलाई भए पनि छिट्टै नै सञ्चालनमा ल्याउँछौं ।

सहकारी अभियानको शिर्षस्थ निकाय सहकारी महासंघले समेत सहकारीमार्फत पर्यटन विकासको सम्भावना भएकाले यसलाई प्रोत्साहन गर्ने नीति लिएको छ । सहकारीमार्फत पर्यटन प्रवर्द्धनका लागि महासंघले यस वर्षको सहकारी दिवसका लागि समेत 'मर्यादित श्रम र पर्यटनका लागि सहकारी' भन्ने नारा तय गरेको छ । महासंघका अध्यक्ष मीनराज कँडेल पनि कोरोना महामारी सकिएपछि तय गरिएको नारा अनुसार सहकारीलाई पर्यटनमा प्रोत्साहन गरिने बताउँछन् ।

सरकारले सरकारले भिजिट नेपाल–२०२० मनाइरहेको अवसरमा सहकारी क्षेत्रले समेत यो नारा अघि सारेको हो, उनी भन्छन्, कोरोना महामारी सकिएपछि यो विषयलाई जोड दिन्छौं । नेपालका हरेक भूभाग पर्यटकीय सम्भावना बोकेकाले सहकारी क्षेत्रले यसलाइ प्रयोग गर्नसक्ने उनको भनाइ छ । पर्यटन नेपालको लागि एकदमै सम्भावनायुक्त क्षेत्र हो, कँडेल भन्छन्, सहकारीहरूले होटल, रेष्टुरेन्ट, होमस्टे सञ्चालन गर्नेदेखि टुरिष्ट गाइड परिचालनको काम समेत गर्नसक्छन् । यसैगरी सहकारीमार्फत नै कृषि पर्यटनको सम्भावना रहेको र कृषि र चिया सहकारीहरूले यसको सुरूवात समेत गरेको उनले बताए । यस्तै, स्थानीय उत्पादनहरूको प्रवर्द्धन तथा घरेलु उत्पादन, हस्तकला तथा शिल्पकलाको प्रचार प्रसार, स्थानीय उत्पादन विक्रि गर्न, कला संस्कृति र सम्पदाहरूको संरक्षण, प्रचार प्रसारमा पनि सहकारीको भूमिका महत्वपूर्ण हुने उनले दावी गरे । सहकारीमार्फत पर्यटन प्रवर्द्धनका लागि महासंघले गाइडलाइन नै बनाइसकेको छ । कोरोनाका कारण तत्कालका लागि काम स्थगित भएपछि अवस्था सामान्य भएपछि योजना बनाएर काम अघि बढाउने महासंघको योजना छ ।

सरकारले पर्यटन विकासका लागि सहकारीलाई समेत प्रोत्साहन गर्दै आएको छ । विशेष गरी ग्रामीण क्षेत्रमा पर्यटन पूर्वाधार विकास र सञ्चालनमा सहकारीलाई प्राथमिकता दिने सरकारको नीति छ ।

नेपाल पर्यटन बोर्डले जारी गरेको पर्यटन नीतिमा समेत ग्रामीण पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रको रूपमा अघि बढाइने र मुलुकको विकास प्रक्रियामा समेट्न नसकिएका महिला, मधेशी, आदिवासी जनजातिलगायतका विपन्न समूह समेतमा पर्यटन व्यवसायबाट प्राप्त लाभको बाँडफाँड गर्न समावेसी र सहकारीको माध्यमबाट उपयुक्त संरचनाको निर्माण र विकास गरिने उल्लेख गरिएको छ । कोरोना महामारीका कारण सरकारले हाललाई भिजिट नेपाल–२०२० का साथै पर्यटन क्षेत्रका नीति तथा कार्यक्रमहरु स्थगित गरेको छ । तर, कोरोना महामारी सकिएसँगै पर्यटन क्षेत्रको विकासका लागि आक्रमक रूपमा लाग्ने सरकारको तयारी छ । अर्थमन्त्री डा. युवराज खतिवडाले आगामी आर्थिक वर्षको बजेटमा समेत कोरोनापछि पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि कर्मचारीहरूलाई देशदर्शन कार्यक्रममा प्रोत्साहन गर्ने घोषणा गरेका छन् ।

# बैकिङ्ग संसार

## गुहेश्वरी मर्चेण्ट फाईनान्स एससिटि नेटवर्कमा आबद्ध

गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेड स्मार्ट च्वाइस टेक्नोलोजीसँग आवद्ध भएको छ । फाइनान्सका ग्राहकलाई विविध भुक्तानी उपकरण र डिजिटल भुक्तानीका सेवा उपलब्ध गराउने उद्देश्यले आइतबार दुई संस्थाबीच औपचारिक सम्झौता सम्पन्न भएको छ ।

सम्झौतामा एससिटीका तर्फबाट कामु प्रमुख कार्यकारी अधिकृत दिपेश मास्के र गुहेश्वरी फाइनान्सका तर्फबाट प्रमुख कार्यकारी अधिकृत दिनेशलाल श्रेष्ठले हस्ताक्षर गरेका छन् । यसबाट गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेडका ग्राहकलाई विविध आवश्यकता बमोजिम छिटो/छरितो, मितव्ययी र सरल ढंगले बैकिङ्ग सेवा र सुविधाहरु प्राप्त हुने भन्दै कम्पनीले परम्परागत प्रणालीलाई विस्थापित गर्दै नगद रहित आधुनिक भुक्तानी प्रणालीको विकास र प्रवर्धन गर्ने स्मार्ट च्वाइस टेक्नोलोजिज लिमिटेडको लक्ष्य बमोजिम बैंक तथा वित्तीय संस्थाहरूलाई यस्ता सेवा र सुविधा उपलब्ध गराउदैं आएको बताएको छ ।

## सानिमा बैंकको नयाँ वेवसाइट अपांगतामैत्री

विगत १५ वर्षदेखि ग्राहकको सेवामा रहेको सानिमा बैंकले नेपाली बैकिङ्ग क्षेत्रमा पहिलो पटक अपाङ्गमैत्री वेवसाइटको सुरुवात गरेको छ । यो वेवसाइट राम्रोसँग देख्न नसक्ने, श्रवणशक्ति कम भएका तथा कम्प्युटर प्रयोग गर्न गाह्रो हुने व्यक्तिहरुको लागि उपयोगी हुने बैंकले जनाएको छ ।

यस वेवसाइटको प्रयोगले अपाङ्गता भएका व्यक्तिहरुलाई पनि सजिलै वित्तीय जानकारी तथा पहुँच प्रदान गर्ने विश्वास बैंकले लिएको छ । साथै बृद्धबृद्धा तथा नयाँ प्रयोगकर्ताहरुलाई पनि अनलाइनबाट आफ्नो बैंकको सेवासम्बन्धी जानकारी तथा बैकिङ्ग पहुँच पुऱ्याउने प्रयास गरेको बैंकको भनाइ छ । यो सेवा हाल अंग्रेजीमा मात्र उपलब्ध रहेको भन्दै बैंकले अन्य अपाङ्गतामैत्री सेवा सुविधाहरु थप विस्तार र परिमार्जन गर्दै ग्राहकको आवश्यकता पूरा गर्ने जनाएको छ ।

## बस व्यवसायी ऋणको मारमा

भरतपुर(कोरोना भाइरसको संक्रमण फैलिन नदिन गरिएको लकडाउन केही खुकुलो पारिएपनि सार्वजनिक सवारीसाधन ठप्पै छन् । व्यवसायी तथा कर्मचारी सार्वजनिक सवारी सञ्चालन गर्न दिने सरकारी निर्णयको पखाईमा छन् । ३० वर्षदेखि यातायात व्यवसाय थालेका भरतपुर-१० का गौतमकृष्ण न्यौपानेले फागुनमा थप १ सिटी बस खरिद गरे । तर, एक महिना नचल्दै घरमै थन्काएर राख्नुपऱ्यो । करिब १८ लाख ऋण लिएर किनेको सिटी बसमात्रै होइन अरु ३ बसपनि थन्काउनुपर्ने अवस्थामा पुगे । जिल्लाभित्र चल्ने सिटीबस र धनगढी महेन्द्रनगरसम्म चल्ने बसहरु नचल्दा ऋण तिर्ने उपायको खोजीमा पिरोलिएका छन् । उनले ३ वर्ष पहिले किनेको बसको पनि ऋण तिरेर भ्याएका छैनन् । सिटिबसको ४५ र बसको ५३ हजार रुपैयाँ मासिक किस्ता तिर्नुपर्ने दायित्व छ । ब्याजमात्रै भएपनि बुझाउनुभन्दै बैंकले फोन गरेको छ, उनी भन्छन्, कमाइने छैन, तत्काले ऋण तिर्न गारो छ । बसमा काम गर्ने १० जना बिदामा छन् । राज्यले केही निर्णय गर्छ भन्ने आशामा छु, उनी भन्छन्, लकडाउनको अवधिलाई शून्य मानेर केही पछि तिर्न सक्ने व्यवस्था गरिदिए ठूलै राहत हुन्थ्यो । भरतपुर-११ का मित्र कुंवर घरआगाडी थन्काएका बसहरु दिनहु हेर्दै बस्छन् । १५ वर्षदेखि व्यवसाय थालेका उनीसँग ७ बसहरु छन् । ४ वटा सुपर डिलक्स, २ डिलक्स र १ मिनिबस छन् । २ वटा काठमाडौं-विराटनगर, अरु पोखरा चल्थे । यात्रु नभरिदापनि घाटा व्यहोरेरै बस चलाउनुपरेको थियो, अहिले त झनै ठप्प भयो, उनी भन्छन्, यातायात व्यवसायीका पीडा सरकारले बुझेन । उनले मासिक ५ लाख बराबरको किस्ता बैंकमा बुझाउनुपर्छ । अन्य लोनमा ५ देखि २५ प्रतिशतसम्म कर्जा थपिदिन्छौं, तर साँवा र ब्याज तिरिदिनुस भन्दै फोन आइरहन्छ, उनले भने, आम्दानी विना ऋण तिर्न सक्ने अवस्था छैन, तर बाध्यता सृजना भइरहेका छन् । उनले २३ जनालाई रोजगारी दिएका थिए । तीनका परिवारपनि आम्दानी विहीन भएर बस्नुपरेको छ । सवारी कर्जा तिर्ने पीरले सताइरहेका उनी सरकारी निर्णयको पखाईमा छन् । लकडाउन अवधिको किस्ता पछि तिर्ने समय थपे हुन्थ्यो, उनी भन्छन्, विशेष राहत प्याकेज सरकारले ल्याउनुपर्छ, नभए यो व्यवसायनै धरासायी हुन्छ । बैंक तथा वित्तीय संस्थामार्फत कर्जा लिएर यातायात व्यवसायमा लगानी गर्नेहरु यतिबेला निकै सकसमा छन् । पहिला पनि कमाई खासै थिएन, पहिल्यैकै बक्यौता र यो तीन महिनाको पनि तिर्न सकिने अवस्था छैन, उनले भने, जे गर्छ सरकारलेनै गरोस्, हामीलाई व्यवसायबाटै हात झिक्ने अवस्था नबनोस् । उनले लकडाउन खुलेपनि हालकै अवस्थामा कर्जा तिर्न नसकिने पीडा सुनाए । हङकङमा ४ वर्ष बसेर फर्किएका मित्रले स्वदेशमै बसेर व्यवसाय थालेका थिए । भरतपुर-२ आँपटारीका रुपेन्द्र अधिकारी पनि उस्तै पीडामा छन् । पोखरा बसपार्कमा बस व्यवसायी समितिको काउण्टरमा करिव ५ वर्ष काम गरेका रुपेन्द्रले ऋण गरेर बस खरिद गरे । अहिले उनले मासिक ४९ हजार किस्ता बुझाउनुपर्छ । किस्ता आएन भन्दै बैंकले फोन गर्छ, उनी सुनाउँछन्, ऋण तिर्न दायीत्व भुलेको छैन, तर यो बेला कहाँबाट ल्याएर तिरौं । नियमित बस सञ्चालनमा हुँदा समेत महिनामा १५ दिन गाडी हल्टमा राख्नुपर्ने अवस्था थियो ।

# जनताको प्यारो नेता फसे



कृष्ण बहादुर बोगटी काका
धुम्बाराही क्षेत्र नं. ५
वडा नं. ४ काडमाडौं

सेर बहादुर तामांक जिल्लाकै राम्रो इमान्दार व्यक्तिहुन त्यसैले सिन्धुबासीहरुले आफ्नो अमुल्य मत दिई जिताएका हुन किनभने सेर बहादुर तामांक जिल्लाकै हस्ती राम्रो इमान्दार अरुको भलो हुने काम गर्ने व्यक्ति हुन । सेरबहादुर तामांकज्यूलाई षडयन्त्र गरी फसाई राजीनामा दिन बाध्य पारे पनी हामी बसै सिन्धुपाल्चोक जिल्ला बासी नागरिकहरु सेर बहादुर तामांक ज्यूलाई सम्मान गर्छौ । निर्दोश मान्छे माफियाको जाल झेलमा परी फसे तर हाम्रो लागी शेर बहादुर तामांक निर्दोष छन सिन्धुपाल्चोकैमा दोषी पनि छन तर ठूला ठूला नेताको झोला बोक्ने भएकोले कसैले पनी दोष देखेन सडक बच्चाबच्ची फसाई करौडौ कमाउने पनी सिन्धु पाल्चोक कै हो । मैले उसले गरेको भ्रष्टाचार को विरोध गरे झोलेले डलर र पार्टीको पाहुर लगाई झुटो आरोपमा फसाई दियो कसरी ।

पैसा कमाउँछ सबै कुरा मैले सघ संस्था मानव अधिकार आयोग मेडिया सबैतिर प्रमाण समेत पठाए तर ठूलो पार्टीको झोले भएकोले उसको कसैले पनी विरोध गर्न सकेनन अब गरिबलाई फसाई खाने संस्था खारेज गरी संचालकलाई कार्वाही गर्नै पर्छ । नत्रभने सडक बच्चा बच्चीको नाम बिक्री गरी नातागोता पोस्नेको कमी हुने छैन हामी सिन्धुबासीको प्यारा नेता सेर बहादुर तामांकलाई चढाइ बढाइ आरोप लगाई पद छोड्न बाध्य पार्नु भनेको हामी सिन्धुपाल्चोक बासी जनतालाई गिराउनु मात्र हो ।

तर एक दिन फेरी सबै जनता मिली देशको पुत्र इमान्दार सेरबहादुर तामांकको पक्ष लिई सबै भ्रष्टाचारीलाई कार्वाही गर्ने छन अब दुर्गाप्रसाई लाई नेपाल सरकारले कार्वाही नगरे राष्ट्रिय मानव अधिकार आयोग राष्ट्रिय महिला आयोग संग मिलेर नेपाली जनताले कार्वाही गर्ने नै छन ढिलोचाडो चेलीको इज्जत बिक्री गर्नेलाई कार्वाही हुनुपर्छ र हुन्छ पनी अब कसैले पनि नेपाल आमाको इज्जत बिक्री गरी खान पाउने छैन नपाओस मेरो देश नेपाल नारीकै शक्तिले बचेको हो कसैले पनि नारीको इज्जतसंग खेलवाड नगर्नु होला आफु बाच्न नारीको इज्जत संग धेरैले खेले का छन नारीलाई लोभ देखाई आफ्नो दुस्मन लाई फसाउनेको पनि कमी छैन आफु गर्ने बलात्कार अनी सानो कर्मचारी फसाउने काम पनि गरिन्छ संस्था सन्चालकले सडक बच्चा फसाई खायो भन्दा मलाईपैसा शक्ति सबै प्रयोग गरी झुटो आरोप लगाई फसाई दियो प्रशासनले पैसा खाई झुटो रिपोर्ट तयार गर्‍यो न्यायाधिसले लगाएको आरोप पुष्टि छैन भनी मुद्दा हान्यो पैसा र शक्तिले जे पनि हुन्छ अब मेरो नेपालमा निर्दोष नफसोस दोषी नछुटोस भन्दै मेरो दुई शब्द यहाँ बन्द गर्छु अरु पछि लेखौला ,जय मेरो नेपाल आमा ।

# घरभाडामा ५० प्रतिशत छुट दिन ठमेलका व्यवसायीको माग

काठमाडौं । कोभिड-१९ महामारीका कारण देशकै प्रमुख पर्यटकीय क्षेत्र ठमेललगायत पर्यटकीय क्षेत्रमा नराम्ररी असर पुगेको भन्दै पर्यटन क्षेत्रसँग आबद्ध व्यवसायीले घरभाडामा ५० प्रतिशत छुट दिन माग गरेका छन् । बन्दाबन्दीका कारण तीन महिनादेखि प्रायः ठप्प ठमेल क्षेत्रका व्यवसायीले अहिलेकै अवस्थामा व्यवसायी पलायन हुने अवस्था सिर्जना र हेको भन्दै ५० प्रतिशत भाडा समायोजन गरिदिन ठमेलका घरधनीलाई आग्रह गरेका हुन् । आइतबार ठमेल पर्यटन विकास परिषद्को कार्यालयमा परिषद्द्वारा गठित कोभिड- १९ पर्यटन व्यवसायी विपद् समन्वय समितिका संयोजक तथा परिषद्का उपाध्यक्ष भविश्वर शर्माको अध्यक्षतामा पर्यटनसँग सम्बद्ध विभिन्न सङ्घसंस्थाबीच भएको छलफलले घर भाडाको ५० प्रतिशत छुट दिन र कोभिड महामारी अवधिभर घर भाडा नबढाउन आग्रह गरि एको आज जारी विज्ञप्तिमा उल्लेख छ । बन्दाबन्दी शुरु भएदेखि कम्तीमा एक वर्षसम्म ठमेललगायतका पर्यटकीय क्षेत्रका घर धनी र व्यवसायी दुवै पक्षलाई सहज हुने गरी छुट दिन घर धनीलाई सार्वजनिक आह्वान गरि एको संयोजक शर्माले बताउनुभयो । ठमेललगायत सम्पूर्ण पर्यटकीय क्षेत्रका व्यवसायीले बन्दाबन्दी शुरु भएको मितिदेखि उपयोग गर्दै आएका र कम्तीमा एक वर्षसम्मका लागि विद्युत् महसुलको ५० प्रतिशत छुट र विद्युत्को युनिट उठेको मात्र शुल्क लिनका लागि सम्बन्धित निकायमा अनुरोधसमेत गरेका छन् । त्यस्तै इन्टरनेटका हकमा सोही मुताविक अनुर ोध गरिएको छ । कोभिड महामारीबाट धरासायी बनेको पर्यटन र पर्यटनसँग प्रत्यक्ष वा अप्रत्यक्षरूपमा जोडिने ठमेललगायतका सम्पूर्ण पर्यटकीय व्यवसाय तथा व्यवसायीलाई जोगाउन घरधनी, व्यवसायी तथा सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको छ । ध्यानाकर्षण गराउने संयुक्त संस्थामा परिषद्, ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान), नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा), नेपाल पर्वतारोहण सङ्घ र नेपाल एशोसिएसन अफ राफ्टिङ एजेन्सी, नेपाल पर्यटक यातायात व्यवसायी सङ्घ, टुरिष्ट बस एशोसिएसन अफ नेपाल, गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल, नेपाल निर्यात परिषद्, विदेशी मुद्रा व्यवसायी सङ्घ नेपाल र कैलाश यात्रा सङ्घ रहेका छन् । बन्दाबन्दीले अहिले ठमेल क्षेत्र सुनसान जस्तै छ । कतिपय व्यवसायीको सटर बन्द छन् । संयोजक शर्माका अनुसार ठमेल क्षेत्रमा २०० घरधनी र १० हजार व्यवसायी रहेको बताइन्छ ।

# पत्रकारलाई निकाल्ने सञ्चारगृह विरुद्ध आन्दोलन गर्नुपर्ने

काठमाडौं । कोभिड-१९ को विभिन्न बहानामा पत्रकारको पेशागत अधिकार नखोस्न सञ्चारगृहलाई विभिन्न पत्रकारका सङ्घसङ्गठनले आग्रह गरेका छन् । नेपाल पत्रकार महासङ्घले कोभिड-१९ को असरपछि विभिन्न सञ्चारगृहमा श्रमजीवी पत्रकारले व्यहोर्नु परिरहेको समस्या समाधानका लागि आज पत्रकारका सङ्घसङ्गठनसँग गरेको छलफलमा उनीहरुले पत्रकारको पेशागत अधिकार नखोस्न सञ्चारगृहसँग आग्रह गरेका हुन् । कोभिड-१९ को बहानामा पत्रकारलाई निष्काशन गर्ने, बिदामा बस्न बाध्य बनाउने, पारिश्रमिकलगायत सुविधा कटौती गर्ने गरी काम गर्न नसक्ने वातावरण बनाउने जस्ता कार्य सञ्चारगृहले गरेकाले महासङ्घको नेतृत्वमा आन्दोलन गर्नुपर्नेसमेत बताएका छन् । महासङ्घका अध्यक्ष गोविन्द आचार्यले महासङ्घले श्रमजीवी पत्रकारका विषयमा कोहीकसैसँग सम्झौता नगर्ने र अहिलेको सङ्कटपूर्ण समयको बहानामा पत्रकारमाथि भइरहेको अमानवीय व्यवहारको डटेर सामना गर्ने बताउनुभयो । यसका लागि सञ्चारमाध्यम मात्र नभएर सञ्चालकका घरमै पुगेर धर्ना दिने तयारी पनि गरिएको उहाँले जानकारी दिनुभयो । प्रेस सङ्गठन नेपालका अध्यक्ष महेश्वर दाहालले वर्षौं मिडिया चलाएर ठूलो रकम कमाएका सञ्चालकले कोभिडको बहानामा पहिलो महिनादेखि नै पत्रकारलाई निष्काशन गर्ने, बिदामा राख्ने वा दिइरहेको सुविधा कटौती गर्ने सञ्चारगृहका विरुद्ध आन्दोलन गर्नुपर्ने बताउनुभयो । नेपाल प्रेस युनियनका अध्यक्ष बद्री सिग्देलले अहिले वर्षौंदेखि नेपालका पत्रकारले व्यहोर्नु परिरहेको समस्या समाधान गरी यो क्षेत्रलाई व्यवस्थित, पारदर्शी र आकर्षणको थलो बनाउने अवसर आएकाले सबै सङ्गठनले मिलेर काम गर्नुपर्ने बताउनुभयो । उहाँले मिडिया सञ्चालकले गैरजिम्मेवार काम गरिरहेको र सरकारले पनि पत्रकारका लागि कुनै राहतको कार्यक्रम नल्याएकाले पत्रकार निरीह बनेकाले यसको समाधानका लागि पत्रकार महासङ्घले अगुवाइ गर्नुपर्ने बताउनुभयो । आदिवासी जनजाति पत्रकार महासङ्घका अध्यक्ष डण्ड गुरुङले सरकारले सङ्कटमा परेका पत्रकारका लागि कुनै पनि राहतका कार्यक्रम नल्याएको बताउनुभयो । यस्तै सञ्चारिका समूहका अध्यक्ष नितु पण्डितले अहिलेको समयमा पत्रकार महिला अझ समस्यामा रहेकातर्फ ध्यानाकर्षण गराउनुभयो । छलफलमा प्रेस नेपालका अध्यक्ष केशवराज अर्याल, मिडिया नेपालका अध्यक्ष गोपाल पौडचाल, क्रान्तिकारी पत्रकार महासङ्घका अध्यक्ष इन्द्र राउत, लोकतान्त्रिक छापामाध्यम सञ्जालका अध्यक्ष दामोदरप्रसाद दवाडी, क्रान्तिकारी पत्रकार सङ्गठन नेपालका धनञ्जय बुढालगायतले सङ्कटको घडीमा श्रमजीवी पत्रकारको पेशागत अधिकार रक्षाका लागि महासङ्घले गर्ने आन्दोलनमा आफुहरुको ऐक्यबद्धता रहने बताउनुभयो ।

# रामेछाप डायरी

## यस्तो छ रामेछापका ८ स्थानीय तहको बजेट

काठमाडौं । रामेछापका स्थानीय तह नीति तथा कार्यक्रम र बजेट निर्माणमा जुटेका छन् । रामेछापका आठ वटै स्थानीय तहले यही असार महिनाभित्र नीति तथा कार्यक्रमको साथै बजेट ल्याउने छन् । संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेटको आधारमा स्थानीय तहले बजेट निर्माण गरिरहेका छन् । आठ वटै स्थानीय तहले पूर्व अनुमानित बजेटको सिलिङ तयार गरेका छन् । आर्थिक बर्ष २०७७/०७८ को लागि मन्थली नगरपालिकाले सबै भन्दा बढी १ अर्ब ७ करोडको बजेट ल्याउने तयारी गरेको छ भने सबै भन्दा कम सुनापती गाउँपालिकाले ४८ करोड बजेट ल्याउने भएको छ । मन्थली नगरपालिकाका नगरप्रमुख रमेश बस्नेतले गत बर्ष भन्दा यस बर्ष केही भएपनि बढेर बजेट आउने बताउनुभयो । यस आर्थिक बर्षमा मन्थली नगरपालिकाले ९२ करोडको




बजेट ल्याएको थियो । सुनापती गाउँपालिकाका अध्यक्ष धावा लामाले गत बर्ष केही करोड बढीको बजेट ल्याउने बताउदै ४६ करोड बजेट ल्याउने तयारीमा जुटेको जानकारी दिनुभयो । दोरम्बा गाउँपालिकाका अध्यक्ष कमानसिंह मोक्तानले बजेट निर्माणको तयारीमा रहेको बताउदै ५४ करोड बजेट आउने जानकारी दिनुभयो । त्यसैगरी खाँडादेवी गाउँपालिकाका अध्यक्ष प्रेम बहादुर तामाङले ६२ करोड बजेट ल्याउने तयारीमा जुटेको बताउनुभयो । रामेछाप नगरपालिकाका नगरप्रमुख नरबहादुर थापा मगरले बजेट निर्माणको अन्तिम तयारीमा रहेको ६१ करोड बजेट ल्याउने पूर्व अनुमान गरिएको बताउनुभयो । लिखु तामाकोसी गाउँपालिकाका अध्यक्ष गोविन्द खड्काले बजेट समयमा नै ल्याउन छलफल भइरहेको बताउदै झण्डै ५६ करोड बजेट आउने जानकारी दिनुभयो । गोकुलगंगा गाउँपालिकाका अध्यक्ष खड्क सुनुवारले विषयगत छलफल सकेर बजेट निर्माणमा जुटेको बताउदै ६० करोड बजेट ल्याउने तयारीमा रहेको बताउनुभयो । त्यसैगरी उमाकुण्ड गाउँपालिकाका अध्यक्ष शेरबहादुर सुनुवारले करिब ६० करोडको बजेट आउने आकलन गरिएको जानकारी दिनुभयो । आर्थिक बर्ष २०७७-०७८ को लागि सुनापती गाउँपालिकाले ४८ करोड, दोरम्बा गाउँपालिकाले ५४ करोड, खाँडादेवी गाउँपालिकाले ६२ करोड, मन्थली नगरपालिकाले १ अर्ब ७ करोड, रामेछाप नगरपालिकाले ६१ करोड, लिखु तामाकोसी गाउँपालिकाले ५६ करोड, गोकुलगंगा गाउँपालिकाले ६० करोड र उमाकुण्ड गाउँपालिकाले पनि ६० करोड बराबराको बजेट ल्याउने भएका छन् ।

अनुशासन र नैतिकता विहीन व्यक्ति पशु भन्दा पनि तुच्छ हुन्छ । यसलै राष्ट्रिय जीवनका हरेक आयामहरुमा उदाहरणीय अनुशासन र नैतिकता कायम गर्न आजैदेखि आफैबाट त्यसको शुरुवात गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# पिसिआर विधिबाट परीक्षण शुरु

भक्तपुर । मध्यपुरथिमि नगरपालिकाले सञ्चालन गरेको नेपाल-कोरिया मैत्री नगरपालिका अस्पतालले कोरोना भाइरस परीक्षणका लागि पोलिमराइज चेन रिएक्सन (पिसिआर) ल्याब सञ्चालनको स्वीकृति पाएको छ ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले आज सो अस्पतालमा कोभिड १९ को परीक्षण गर्ने पिसिआर ल्याब सञ्चालनका लागि अनुमति दिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवं नगर प्रमुख मदनसुन्दर श्रेष्ठले जानकारी दिनुभयो ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाकी निर्देशक डा रूना झाले हस्ताक्षर गरी पिसिआर सञ्चालनको अनुमति प्रदान गर्नुभएको हो । नगरपालिका यसअघि नै पिसिआर ल्याब सञ्चालनमा ल्याएर ७७१ जनाको कोरोना परीक्षण गरे पनि अनुमति नपाउँदा अन्योलमा परेको थियो ।

अस्पतालमा स्थापना भएको ल्याब र यसको भौतिक संरचनाको विज्ञसहितको टोलीले तीन पटक अनुगमन गरी विश्वस्वास्थ्य सङ्गठनको मापदण्ड अनुसार ल्याबको सबै पूर्वाधार पूरा गरेपछि आज कोरोना परीक्षणको स्वीकृत पाएको नगरप्रमुख श्रेष्ठले बताउनु भयो ।

उहाँका अनुसार निर्देशक डा झा, डा रितु अमात्य, डा पियुश राजभण्डारी, डा मुकुन्दा शर्मा, लिली श्रेष्ठ ढुङ्गेल लगायतको टोलीले अनुगमन गरी मापदण्ड अनुसारको पूर्वाधारको व्यवस्था गरेपछि स्वीकृति पाएको हो ।

यसअघि भक्तपुर अस्पतालमा सङ्कलन भएको स्वाब परीक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु पठाउँदै आएकामा अब भक्तपुरको परीक्षण यही ल्याबमा मङ्गलबारदेखि नै परीक्षण शुरू गरिने अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवं नगरप्रमुख श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "पिसिआर परीक्षणको स्वीकृत पाएका छौँ, भोलिबाट भक्तपुरको स्वाब यहीबाट परीक्षण हुन्छ, यही अस्पतालमा पनि स्वाब सङ्कलन एवं परीक्षण गर्नेछौँ, टेकुको प्रयोगशालामा भएको भीड कम गर्न अन्य जिल्लाको स्वाब पनि यही आउने विश्वास गरेका छौँ ।"

अब नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा नै कोरोना भाइरस परीक्षण गर्न शुरू भएपछि यो अस्पताल कोरोना भाइरस परीक्षण गर्ने जिल्लामै पहिलो अस्पताल बनेको छ । नगरपालिकाले अस्पतालमा विश्व महामारीका रूपमा फैलिएको कोभिड १९ को परीक्षण गर्ने ल्याब, एम्बुलेन्स, आइसोलेशनदेखि क्वारेन्टिनसम्म तयारी अवस्थामा राखेको छ ।

नगरपालिकाले अस्पतालको अगाडि छुट्टै घर भाडामा लिएर पोलिमराइज चेन रिएक्सन (पिसिआर) मेशिनसहितको ल्याब सञ्चालनमा ल्याएको छ । अस्पतालले कोरोनाको उपचारका लागि चार भेन्टिलेटरसहितको सघन उपचार कक्ष र १६ आइसोलेशन वार्ड निर्माण गरेको नगरप्रमुख श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "अस्पतालमा २६ डाक्टर र पाँच कन्सल्टेन्ट सहितको स्वास्थ्यकर्मीको टोलीलाई आवासीय सुविधासहित २४ सै घण्टा अलर्टमा राखेका छौँ, कोरोना परीक्षण अब यही अस्पतालबाट शुरू गरिसक्यौँ, छ शय्याको आइसोलेशन वार्ड सञ्चालनमा ल्याइसकेका छौँ, १० शय्याको आइसोलेशन वार्ड तयारी अवस्थामा राखेका छौँ, उपचारका लागि हामी पूर्णरूपमा तयार छौँ ।"

उहाँले पिसिआर परीक्षणका लागि आवश्यक स्वास्थ्य सामग्री, जनशक्ति तयारी अवस्थामा राखेको जानकारी दिँदै मङ्गलबारदेखि दैनिक पिसिआर परीक्षण गर्ने बताउनुभयो ।

## खरिपाटी क्वारेन्टिनमा रहेका सात जनामा कोरोना

भक्तपुर । कुबेतबाट फर्किएर भक्तपुरको चाँगुनारायण नगरपालिका-७ खरिपाटीस्थित नेपाल विद्युत् प्राधिकरणको क्वारेन्टिनमा रहेका सात महिलामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य मन्त्रालयको नियमित पत्रकार सम्मेलनका क्रममा शनिबार भक्तपुर भनेर जानकारी दिइए पनि सङ्क्रमित भक्तपुरका स्थायी बासिन्दा नभई क्वारेन्टिनमा बसेका महिला रहेको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सविन प्रधानले जानकारी दिनुभयो । सङ्क्रमित पुष्टि भएका मोरङका ४२ र ४१ वर्षीया, कास्कीका २३ वर्षीया, नवलपरासीका २९ वर्षीया, झापाका २८ वर्षीया, बाराका २८ वर्षीया, सुर्खेतका २८ वर्षीया महिला रहेका छन् । शरीरको तापक्रम बढी देखिएपछि कुवेतबाट नेपाल फर्किएकामध्ये प्रदेश नं १ र २ का १०९ जनालाई भक्तपुरस्थित होल्डिङ सेन्टरमा नराखी खरिपाटीस्थित क्वारेन्टिनमा राखिएको थियो । यसअघि गत बिहीबार खरिपाटी क्वारेन्टिनमा रहेका नवलपुर गैँडाकोट निवासी २२ वर्षीया महिलामा कोरोना सङ्क्रमण पुष्टि भएपछि त्यहाँ रहेका सबैको सोही दिन स्वाब सङ्कलन गरिएको थियो ।

गत बिहीबार कोरोना भाइरस सङ्क्रमण पुष्टि भएका भक्तपुरको चाँगुनारायण नगरपालिका-५ छालिङका प्रहरीको परिवारका सबै सदस्यको स्वाब परीक्षणमा कोरोना नेगेटिभ रिपोर्ट आएको छ । महानगरीय प्रहरी परिसर भक्तपुरको सञ्चार शाखामा कार्यरत सङ्क्रमित प्रहरीको परिवारका आठ जनाको पिसीआर परीक्षणको रिपोर्ट नेगेटिभ आएको प्रहरी उपरीक्षक प्रधानले जानकारी दिनुभयो ।

सङ्क्रमित प्रहरीको सम्पर्कमा रहेका ३० प्रहरी कर्मचारीमध्ये २१ जनाको रिपोर्ट पनि कोरोना नेगेटिभ आएको उहाँले जानकारी दिनुभयो । परिसरका नौ प्रहरी र भक्तपुर नपा-५ भोलाछेंका सङ्क्रमित पुरूषका परिवार एवं छिमेकी ११ जनाको भने रिपोर्ट आउन बाँकी छ ।


**आयुर्वेदिक उपचारको पहिलो रोजाइ**

**विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.**

***हाम्रा सेवाहरु***

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

**विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.**

**लाइन्स चोक, नारायणगढ, चितवन**

सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००

फोन न. ०५६ : ५७०४६८

फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।



**देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो ।**

नेपाल सरकार

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना तथा प्रसारण विभाग**


# अन्तराष्ट्रिय समाचार

## नीजि अस्पताल र ल्याबलाई कोरोनाविरुद्ध किन नखटाएको ?

भारतको दिल्ली उच्च अदालतले कोरोना विरुद्ध लड्न निजी अस्पताल तथा प्रयोगशालाहरुलाई किन अनुमति नदिएको भनी प्रश्न गरेको छ । उनीहरुलाई परिचालन नगर्दा तीब्र रुपमा फैलिँदै गएको कोरोनाभाइरसको सङ्क्रमणलाई नियन्त्रण गर्ने सरकारको लक्ष्यमा असफलता हात लाग्न सक्ने तर्फ अदालतले ध्यानाकर्षण गराएको छ । दिल्ली प्रदेश सरकारका नाममा सोमबार आदेश जारी गर्दै अदालतले केन्द्रीय राजधानी समेत पर्ने दिल्ली प्रदेशमा नीजि अस्पताल तथा प्रयोगशालाहरुलाई कोरोनाभाइरससम्वन्धी स्वास्थ्य सेवाका लागि अनुमति दिनु पर्ने आशय व्यक्त गरेको छ । न्यायाधीशद्वय हिमा कोहली र एस प्रसादको इजलासले नीजि अस्पताल तथा प्रयोगशालाहरुलाई परिचालन नगरेकाले कोरोनाको परीक्षण र नियन्त्रणका लागि प्रदेश सरकारले आधा लक्ष्य पनि हासिल गर्न नसकेको ठहर गरेको छ । अधिवक्ता राकेश मलहोत्राले दिएको अपिलमाथि सुनुवाई गर्दै दुई न्यायाधीशले कोरोनाभाइरसको सङ्क्रमण नियन्त्रणका लागि निजी अस्पताल तथा प्रयोगशालाहरुलाई परिचालन नगर्नुको कारण प्रदेश सरकारसँग माग गरेका छन् ।

## दक्षिण कोरिया र उत्तर कोरियाबीच तनाव बढ्दो

उत्तर कोरियाले सीमा क्षेत्रमा माइकिङ गर्दै सन् २०१८ को शिखर सम्मेलनमार्फत् दक्षिण कोरियासँग सहमति गरिएका सहमतिलाई रद्द गरिएको जनाएको दक्षिण कोरियाली सैन्य अधिकारीले बताएका छन् । उत्तर कोरियाले सीमा क्षेत्रका 'सैन्य गतिविधि निषेधित' कैयौँ स्थानमा 'लाउडस्पिकर' जडान गरी दक्षिण कोरिया विरोधी हल्लाहरू फैलाउने गरेको छ, दक्षिण कोरियाली समाचार संस्था योन्हाप समाचार संस्थाले जोइन्ट चिफ अफ स्टाफका एक अधिकारीलाई उद्धृत गरी लेखेको छ । उहाँले भन्नुभयो, हामीले मनोवैज्ञानिक रूपमा युद्धको त्रास सिर्जना गर्ने उत्तर कोरियाका गतिविधिलाई नजिकबाट नियालिरहेका छौँ । हामीले उच्च तयारीका साथ सम्भावित प्रतिकारको अवस्थामा बसेका छौँ । उत्तर कोरियाले गरेका गतिविधिलाई पछ्याउँदै दक्षिण कोरियाले पनि सीमा क्षेत्रमा 'लाउडस्पिकर' जडान गर्ने बिषयमा पुनः विचार गरिरहेको जनाएको छ । पछिल्ला दुई हप्तादेखि कोरियाली सीमा क्षेत्रमा भएका भड्काउने र उत्तेजित पार्ने खालका गतिविधिले कोरियाली प्रायदीप अशान्त बनेको छ ।

डब्लुएचओ प्रमुखको चेतावनी – महामारीलाई राजनीतिकरण नगर्नुस्

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का प्रमुखले महामारीलाई राजनीतिकरण नगर्न चेतावनी दिनुभएको छ । विश्व नेताहरुले कोरोनाभाइरससँगै उत्पन्न महामारीलाई राजनीतिकरण गर्न पाउनुहुन्न, बरु एकताबद्ध भएर लड्नु पर्छ, डब्लुएचओ प्रमुख टेड्रोस अधानोम गेब्रेयोसुसले सोमबार भन्नुभयो । उहाँले अझै पनि कोरोनाभाइरसको सङ्क्रमण उत्तिकै फैलिइरहेको र यसले गर्ने क्षतिमा कमी नभएको पनि उल्लेख गर्नुभएको छ । सङ्क्रमितहरुको सङ्ख्या दिनप्रतिदिन बढ्दै गइरहेको प्रति अपेक्षित सम्वेदलनशीलता विश्व नेताहरुमा नदेखिएको चिन्ता पनि उहाँले व्यक्त गर्नुभयो । राजनीतिकरण नगर्न आह्वान गरिएकोसम्वन्धी उहाँको भनाइ विषेश गरेर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पप्रति बढी लक्षित रहेको बताइएको छ । उहाँले अमेरिकामा पर्याप्त सतर्कता नअपनाइएको र राजनीतिक दाउपेचका कारण अनाहकमा धेरै मानिसको मृत्यु भइरहेको टिप्पणी पनि गर्नुभयो । अमेरिकी राष्ट्रपति ट्रम्पले पनि विश्वभरी कोरोनाभाइरसको महामारी शुरु भएदेखि नै डब्लुएचओले प्रभावकारी भूमिका खेल्न नसकेको भन्दै आलोचना गर्दै आउनुभएको छ । डब्लुएचओ प्रमुख गेब्रेयेसुसले ब्राजिल, इराक, भारत, दक्षिणी तथा पश्चिमी अमेरिकी देशहरुको अवस्था प्रति पनि चिन्ता व्यक्त गर्नुभएको छ ।

## पाकिस्तानमा कोरोनाको संक्रमण बढे पनि बजार खोल्न आह्वान

विश्वमै कोरोनाभाइरसको सङ्क्रमण तीब्र गतिमा बृद्धि भइरहेको देशहरुमध्ये पाकिस्तान अग्रपङ्क्तिमा पर्दछ । तर लामो समयसम्म आर्थिक गतिविधि बन्द गरेर बस्न सक्ने अवस्था नरहेकाले व्यवसाय सञ्चालन गर्न पाकिस्तान सरकारले आह्वान गरेको छ । कोरोना भाइरसबाट सङ्क्रमण भएका विरामीहरु अस्पताल जाने र सङ्क्रमण मुक्त भएर घर फर्किने क्रम चलिरहे पनि गतिविधलाई पुनः निरन्तरता दिनुको विकल्प नभएको सरकारी अधिकारीहरुको भर्ना छ । अव पनि आर्थिक गतिविधिलाई निरन्तरता दिन सकिएन भने देशको अर्थतन्त्र टाट पल्टिन सक्ने विज्ञ तथा सरकारी अधिकारीहरुले निश्कर्ष निकालेका छन् । गरिबी र महामारीका लागि ठूलो रकम खर्च गरिरहनु परेकाले पनि थप आर्थिक सङ्कट उत्पन्न भएको उनीहरुले जनाएका छन् । के गर्ने के गर्ने भन्ने लामो समयसम्मको दुविधालाई चिर्दै सरकारले सुरक्षाका उपायहरु अपनाउने आर्थिक गतिविधिहरुलाई अगाडि बढाउने निश्कर्षमा पुगेको हो । सरकारी अधिकारीहरुले अत्यावश्यक र आर्थिक गतिविधिहरुलाई निरन्तरता दिने क्रममा कोरोनाबाट बच्नका लागि अप्नाउनु पर्ने आधारभूत सुरक्षा सतर्कताका उपायहरु अपनाउन अनिवार्य गरिएको छ । उनीहरुले सामाजिक दुरी कायम राख्न, मास्कको प्रयोग गर्न, सकेसम्म भेटघाट तथा भिडभाडहरुमा नजान, सेनिटाइजर वा सावुन पानीको प्रयोग बढाउन आह्वान पनि गरेका छन् । मस्जिदहरुमा पनि सकेसम्म एकै पटक धेरै भिडभाड नगर्न उनीहरुले सुझाव दिएका छन् । पाकिस्तानमा अहिलेसम्म एक लाख ८० हजारभन्दा बढी मानिस कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् भने तीन हजार ५९० जनाको मृत्यु भएको छ ।

## सिरियाबाट १० जना फ्रान्सेली बालबालिका फिर्ता

सिरियाको शरणार्थी शिविरमा आश्रय लिइरहेका दश जना फ्रान्सेली बालबालिकालाई फ्रान्स सरकारले स्वदेश फर्काएको छ । फ्रान्सका सयौं नागरिक आतंकवादी संगठन इस्लामिक स्टेटमा आबद्ध हुन सिरिया पुगेका र तिनीहरुबाट सिरियामै बालबच्चा जन्मिएका थिए । गत वर्ष मार्च २०१९ मा अमेरिका र पश्चिमा मुलुकको व्यापक सैन्य कारबाहीपछि सिरियाबाट इस्लामिक स्टेट समूह परास्त भएको थियो । फ्रान्सेली विदेश मन्त्रालयले जारी गरेको वक्तव्यमा ती बालबालिका उत्तरपूर्वी सिरियाका शिविरबाट फिर्ता ल्याएको जनाइएको छ । उनीहरुको स्वास्थ्य उपचार शुरु गरिएको र ती बालिबालिकाको हेरचाह गर्ने जिम्मेवारी सामाजिक संस्थालाई दिइएको छ । ती बालबालिकाका अभिभावकका बारेमा भने केही खुलाइएको छैन । फ्रान्सले युद्धग्रस्त सिरियाबाट कूल २८ बालबालिकालाई फिर्ता लगिसकेको छ । अधिकारवादी समूहहरुले बाल उमेरका बालबालिकालाई तत्काल फर्काउन फ्रान्स सरकारमाथि लगातार दबाब दिइरहेका छन् । अधिकारवादी समूहले कतिपय बालबालिका उनीहरुका बाबुआमाले फ्रान्सबाटै साथमा लगेको दाबी गरेका छन् ।

पुस्तक अंश

# सीमान्त विचलन

माधव सयपत्री

आजकल मेरो मन अत्यन्त उद्वेलित भैरहन्छ । फर्केर आफ्नै भूमिमा जाउँ जाउँ लाग्छ । केको कमी थियो र हामीलाई त्यहाँ ? सबैथोक पुगेको थियो । हामीले देश छोड्न लागेको बेलामा आफन्तहरु आएर धर्धरी रुँदा पनि श्रीमान मान्नुभएन । सासूससुरा डाँको छोडेर रुनुभएको थियो । मेरो बुबामुमाले पनि अपहत्ते गर्नुभएको थियो । कस्तो मन होला मेरो श्रीमानको ? छोराछोरी पनि खुसीले आएका होइनन् ।

कारखाना, घर, गाडी टन्नै सम्पत्ति थियो हाम्रो । तर पनि उहाँलाई सम्पत्तिले पुगेनछ । देशको माया लागेनछ । बेलाबेलामा आउनेजाने गरिरहन्छु भनेर आफना बाबुआमालाई भुक्याएर आउनु भो ।

मलाई भने मातृभूमिको सम्झनाले चिमोटिरहन्छ । अब मैले यो जीवनमा नेपाल देखौंली र ! कहिले त मन भक्कानिएर आँसु नै झर्छ । मनलाई सम्हालेर ल्याउँछु । जेठो छोरा सुशान्तबाहेक छोराछोरी यहीँ छन् । श्रीमान साथमा नै हुनुहुन्छ । किन पीर गर्ने !

तर, छोराछोरी, श्रीमान्, सम्पत्ति मात्र आफनो देश होइन रहेछ । देश भनेको छुट्टै भावना रहेछ । देशको खाँचो अरु चीजबाट पूरा नहुँदो रहेछ ।

एकहिसाबले हेर्दा यहाँ मलाई कुनै कुराको कमी छैन । छिमेकी अत्यन्त सहयोगी, सह्रदयी छन् । छिमेकीहरुमा मेलिना सारै मिलनसार छिन् । आँखैमा हाल्दा पनि नबिझाउने । 'न्याम्रो नमान्नू, अप्ठ्यारो पर्दा भन्न गाह्रो नमान्नू' भन्छिन् । बिहानबेलुकै आइरहन्छिन् । हाम्रै छिमेकी देश भारतबाट आएकी रहिछन् ।

मेलिना धेरैजसो हिन्दी बोल्छिन् । मलाई बुझ्न पनि सजिलो हुन्छ । बुझ्न त अङ्ग्रेजी राम्ररी बुझ्छु तर जवाफ फर्काउन अप्ठ्यारो लाग्छ । हिन्दीमा चाहिँ सजिलो लाग्छ ।

मेलिनाको श्रीमान् अष्ट्रेलियन रहेछन् । भारतमा एउटै क्याम्पसमा पढेछन् । मायापिरती बसेछ । घरसल्लाहले मेलिनाले बिहे गरिछन् र यता आइछन् । उनी मेरी छिमेकी र साथी पनि भएकी छिन् । मेलिना पनि अहिले खासै केही काम गर्दिनन् । बिहान कलेजमा दुई पिरेड पढाएर आउँछिन् र दिनभरि घरै बस्छिन् । म उनकोमा जान्छु, उनी मेरोमा आउँछिन् । हाम्रा कुरा मिल्छन् । भावना मिल्छ । मेरो श्रीमान र मेलिनाको श्रीमान् पनि अति मिल्नुहुन्छ । धेरैजसो सँगसँगै पार्टीमा जानुहुन्छ ।

यो विकसित महाद्वीपको सुन्दर सहरमा फेरि पनि म केही नभएको अनुभव गर्छु । सधैं एउटै कुराले मेरो मन खोसिरहन्छ, खनिरहन्छ, खोतलिरहन्छ, चिमोटिरहन्छ, चिथोरिरहन्छ र निचोरिरहन्छ । यो कस्तो कुरा ! अरूलाई भनेर मनको बह पोख्न नहुने । मनको बह नपोखी यो आगो कसरी निभ्ला र ! मानौं मलाई मेरो देशले सरापेको छ । विगतको स्मृतिले पोलिरहेछ । म यो पराइ देशबाट उम्किएर कहिले आफ्नी आमाको काखमा लुटपुटिन पुग्ने होला !

श्रीमान् भन्नुहुन्छ, 'करूणा तिमी किन सधैं मलिन देखिन्छ्यौ ? तिमीलाई केको अभाव भयो ? यस्तो रमाइलो सहरमा पनि खुसी नहुने ? अबचाहिँ म तिम्रा निराश आँखा हेरिरहन सक्दिनँ । तिमीले आफ्नो बेखुसीको कारण मलाई भन्नुपर्छ ।'

यस्ता वाक्यहरु वहाँले पटकपटक दोहोर्‍याई सक्नुभएको छ । कतिपटक त रौद्ररुप लिनुभयो । धेरै पटक चेतावनी दिनुभयो । मैले उहाँसामु यस्तो उत्तर दिने गरेको छु, 'मलाई केही कुराको कमी पनि छैन । केही पिर पनि छैन । त्यसैले हजुर ढुक्क हुनुस्, म सन्तुष्ट छु । हजुर साथमा हुनुहुन्छ । छोराछोरी छन्, मलाई केको चिन्ता !' यति भनेर म वहाँको काखमा मुलायम केशराशि राखिदिन्थेँ। वहाँलाई विश्वास लाग्दैनथ्यो । भन्नुहुन्थ्यो, 'हेर करु, मलाई ढाँटेर आखिर तिमीले के पाउँछ्यौ !'

मलाई भन्न मन लाग्थ्यो, 'म फेरि नेपाल फर्कन्छु ।' तर यसो भन्नु उचित थिएन किनकि मेरो श्रीमान् त सपनामा पनि त्यता फर्कन चाहनुहुन्नथ्यो । हामीले त नेपालको नागरिकतासमेत त्यागिसकेका थियौं । म अव्यक्त वेदनाले थिलथिलिँदै गएँ । मेरो शरीर पातलिँदै गयो ।

मेरो मुटुको टुक्रा सुशान्त यता आएन । देशमा नै राजनीति गरेर बस्यो । अहिले ऊ विद्यार्थी संगठनको माथ्लै तहमा पुगेको छ रे । 'भ्रष्ट नेता हटाऊ' अभियानमा जुटेको छ रे । त्यो अभियान देशव्यापी भइसकेको छ रे । म उस्को अभियानको सफलताको कामना गर्दछु । नेताहरूको बुद्धि छिट्टै फिरोस् । देश उँभो लागोस् । यति टाढा बसेर यो भन्दा बढी के नै कामना गर्न सक्छु र मैले ! सुशान्त आइएससी पढ्दादेखि नै राजनीतिमा लागेको थियो । उसलाई मैले असहयोग गरिनँ । श्रीमान्ले त्यतिबेला थाह पाउनुभएको भए नराम्रो मान्नुहुन्थ्यो होला । तर, आजकल मेरो खुसीको लागि हो वा छोराले राम्रै गर्‍यो भनेर हो वहाँ खुसी नै देखिनुहुन्छ । छोरा असल नेता बनोस् भन्ने कामना गर्नुहुन्छ । फोनमा पनि राजनीतिको कुरा सोध्नुहुन्छ । सुशान्त राजनीतिमा लागेको कुरा मैले पहिल्यै थाह नदिएकोमा चित्त कुँडाउनुहुन्छ । म मलाई थाह थिएन भनिदिन्छु । युवाहरूले देश सपार्छन् कि भन्ने वहाँलाई पनि लागेको होला ।

मेलिना मलाई पटकपटक सोध्ने हैरान पार्छे, 'तिमीहरूको विवाह प्रेम कि मागी ?' मलाई पटक्कै उत्तर दिन मन हुँदैन । तर ऊ सोध्न छाड्दिन । एकदिन त मैले भनिदिएँ, 'हाम्रो विवाह प्रेम पनि होइन र मागी पनि होइन । हाम्रो विवाह चोरी विवाह हो ।'

यसको अर्थ उसले प्रेमविवाह भन्ने लगाई । ठिकै छ, उसले जस्तोसुकै अर्थ लगाओस् ।

चोरी त यस कारणले भनेको हुँ, नचाही नचाही भएको विवाह थियो । फेरि मेलिनाले सोधी, 'करूणा, तिम्रो त्यस्तो मिलेको परिवार छ तर तिमी मलिन देखिन्छ्यौ । तिमीलाई के भएको छ हँ ?'

मैले ठाडो जवाफ दिएँ, 'मेलिना, मेरो बानी नै यस्तै हो । यो बानी तिमीलाई नराम्रो लाग्यो ?' मैले यथार्थ भन्नु हुन्थेन ।

उसले भित्री कुरा दुहुन धेरै प्रयास गरी तर गाँठो फुकाउन सकिन । अलिअलि रिसाएझैं गरी आफनै घरतिर लागी । मैले मेरो यान्त्रिक र शुष्क ढर्रामा बाँधिएको जीवनलाई सामान्य बनाउन खोजेँ तर सकिनँ । मसँग सबैथोक भएर पनि केही छैन । म रित्तो छु । खाडलभित्र नराम्ररी थचारिएकी छु ।

बिथोलिएको, चिथोरिएको मनलाई धेरै राहत दिने एउटा उपन्यासको पाण्डुलिपि छ मेरो साथमा । त्यसलाई तीनचार पटक पढिसकेँ । पढ्ने रहर अझै मेटिएको छैन । त्यसैभित्र म मेरो विगत पढ्छु र सम्झन्छु ।

आज श्रीमान् र मैले इमेल चेक गर्‍यौं । ससुराले मेल गर्नुभएकोरहेछ । लेख्नुभएको थियो, 'बाबू प्रताप, तिमी हाम्रो एकमात्र सन्तान हौ । सोचेका थियौं, तिमी नै हाम्रो बुढेसकालको लौरो हुनेछौ । अशक्त अवस्थाको सहारा बन्छौ तर तिमीले हाम्रो माया राखेनौ । तिमीलाई पैसाले पुगेन । कति सकिन्छ कमाउँनू । हामी देश छोड्न किमार्थ सक्दैनौं । हामी यहीँ बाँच्छौं, यहीँ मर्छौं । तिमीहरूको भन्दा हामीलाई देश प्यारो लाग्यो । आएनन् भनेर नरिसाऊ । देश बाँचुन्जेल हामी देश छाड्न सक्दैनौं । इच्छा परे फोन गर्नू । पैसाजस्तो ठूलो बाबुआमा कहाँ हुन्छन् र ! यो देश डुबे पनि हामी यहीँ डुबेर मर्छौं । हाम्रो पीर कहिल्यै नलिनू । तर बाबु, दुईचार वर्षपछि छोराछोरीले देश खोज्छन् । त्यतिबेला तिमीले उनीहरूलाई आफ्नै देश दिन सक्नुपर्छ ।'

अहो ! मेल पढेपछि म त धर्धरी रोएँ । श्रीमान्मा केही परिवर्तन देखिएन । साना छोराछोरी पनि रोए । उनीहरु हजुरबाहजुरआमा नआएकोमा रोएका हुन्, मलाई थाहा छ । सानैमा देश गुमाउनेहरूले ठूलो भएपछि देश कहाँ खोजून् !

यो परदेशमा म सधैं रोइरहेको छु अर्थात् मेरो मन असह्रय पीडाले पिल्सिरहेको छ । अहो ! मेरो अतित कति कहालीलाग्दो छ । सत्रअठार वर्षअगाडिको मेरो जीवनको कथा मेरो मानसपटलमा फैलिन थाल्दछ । त्यसैलाई म यता फर्काउँछु, उता पल्टाउँछु । अनि त्यसमा आफनै अनुहार हेर्छु ।

(स्रोतः सयपत्रीको हाले सार्वजनिक उपन्यास 'सीमान्त विचलन' को एक अंश । सयपत्री रामेछापमा शिक्षक छन् ।)

गजल/कविता

## ५२ पत्ती

कृष्ण बोगटी काका
धुम्बाराही –४, काठमाण्डौ
९८४३–७८३६२९



सरकारी कर्मचारी ५२ पत्ती खेल्ने
पैसा घुस पायो भने निर्दोशलाई पेल्ने
तलब भत्ता खानेहरु घुस पनि खाने
त्यसैकारण निर्दोषी नै जेल बस्न जाने

राष्ट्रसेवक भएर भ्रष्टसँग मिल्ने
झुटो आरोप बनाएर निर्दोषलाई निल्ने
धेरै देखे कर्मचारी जुवातासमा भुल्या
निर्दोषलाई फसाएर पैसातिर भुल्या

पैसा भन्दा ठुलो यहाँ छैन भन्नेहरु
भ्रष्टाचारी कहलाई मर्छन एकदिन बरु
निर्दोषको सरापले भ्रष्टाचारी मर्छ
छानविन नगरी रिपोट बनाउने आफै फस्छ ।

न्यायदिने काम अब सिब तिम्लेगर
निर्दोष जनताको दुःख पिर हर
परमधाम देखी परमात्मा आउनु पर्‍यो
दुखी गरिब जनतालाई निसाफ दिनु पर्‍यो ।

भ्रष्टाचारीले विरोधीलाई फसा भन्छ
कर्मचारी झुटो रिपोट बनाएर मर्छ
पैसा हुनेले गरिबलाई झुटो आरोप लाउँछ ।
रिपोट हैन पैसा हेरी मुद्दा उसलाई आउँछ ।

## २०७४ को बाल दिवस

घुम्दै फिर्दै फेरी आयो बालदिवस हेर
संस्था सञ्चालकलाई दशैं हुन्छ फेर
एकरत्ती बालशोषण कम भाको छैन
संस्था संचालकलाई डलर नभै भैन

गरिबको सन्तानलाई देखाएर हेर
आफ्नै भुडी भर्ने गर्छन संचालक फेर
रिपोर्ट मा सारै राम्रो काम देखा म मर्‍यो
गरिब सडक बच्चा देखाई आफै पेट भर्‍यो

नेपाली गरिबको इज्जत बिकाइ खाने
फोहोर टिपी खाँको पेटीमा सुत्या फोटो बेच्न लाने
गरिब रैछ नेपाल भनी सहयोग डरल गर्‍यो ।
संस्था संचालक गरिबको फोटो बेचेर पजेरो चढ्यो ।

गरिबको इज्जत बेचे राम्रो आम्दानी
घरमा खान मुस्किल हुने अहिले पाँच तारेमा खाने
गरिबको नामै काफी हरियो डलर आउने
संघसंस्था डलर लिन विदेश तिर धाउने ।

# कोरोना उपचार कोषमा रु दुई अर्ब ३४ करोड

-नारायण न्यौपाने

काठमाडौं । सरकारले कोरोना सङ्क्रमण नियन्त्रण उपचार कोषमा हालसम्म रु दुई अर्ब ३४ करोड ८१ लाख ३७ हजार सङ्कलन भएको जानकारी दिएको छ । प्रतिनिधिसभा सार्वजनिक लेखा समितिको आजको बैठकमा उक्त कोषबाट हालसम्म रु २८ करोड ६७ लाख ५८ हजार निकासा भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव नारायणप्रसाद विडारीले जानकारी दिनुभयो । सरकारको प्रणालीबाट विनियोजित र केन्द्रीय बजेट प्रणाली, प्रदेश सरकार र स्थानीय तहको समग्र लेखाको अद्यावधिक खर्चको विवरण भने केही दिनमा समितिसमक्ष प्रस्तुत गर्ने सो अवसरमा जानकारी दिइयो । सरकारले मुलुकका १७६ स्थानीय तहलाई रु १३ करोड २२ लाख ५६ हजार तथा भारत सीमा नजिक रहेका होल्डिङ सेन्टर सञ्चालन गर्दै आएका स्थानीय तहलाई रु दुई करोड ७७ लाख २३ हजार उपलब्ध गराएको छ ।

**पिसिआर परीक्षण शुल्क पाँच हजार ५००**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव लक्ष्मण अर्यालले कोरोना पहिचानका लागि हुने स्वाबको पिसिआर परीक्षण शुल्क पाँच हजार ५०० कायम गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "विश्व स्वास्थ्य सङ्गठनको निर्देशिकासँग मिल्ने गरी उपचार पद्धति र क्वारेन्टिन नीतिमा परिवर्तन गर्न लागेका छौं, उपचारमा लाग्ने खर्च घटाउन प्रयत्न भइरहेको छ । मुलुकमा हाल सञ्चालनमा २३ वटा प्रयोगशालाबाट प्रतिदिन सात हजार ५०० को दरले स्वाब परीक्षण भइरहेको छ । मन्त्रालयले कूल जनसङ्ख्याको दुई प्रतिशतलाई स्वास्थ्य परीक्षणका लागि आवश्यक समाग्रीको व्यवस्थापन गरेको छ ।

**सङ्कलन गरिएको २० हजार स्वाब परीक्षण गर्न बाँकी**

सरकारले कोभिड-१९ पहिचानका लागि निजी क्षेत्रलाई सङ्कलन गरिएको स्वाब परीक्षण गर्ने जिम्मेवारी दिने तयारी गरेको छ । अहिले कोभिड-१९ को पहिचानका लागि सङ्कलन गरिएको करिब १८ देखि २० हजार स्वाब परीक्षण गर्न बाँकी नै रहेको स्वास्थ्य मन्त्रालयका सचिव अर्यालले जानकारी दिनुभयो । कोभिड-१९ को रोकथाम, नियन्त्रण र प्रतिकार्यका लागि आवश्यक स्वास्थ्य सामग्री खरिदका लागि आगामी ११५ दिनको कार्ययोजना व्यवस्थापनको तयारीमा रहेको उहाँले जानकारी दिनुभयो । सरकारले समान खरिदमा अब सेनाले होइन स्वास्थ्य मन्त्रालयले नै गर्ने अरु विपद्, उद्धार र राहतको काम भने सेनाले गर्नेछ । सरकारले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको अस्पतालका अतिरिक्त डडेलधुरा, प्रदेश नं ५, धौलागिरि अस्पताल, प्रदेश नं १ मा पनि कोभिड-१९ परीक्षण प्रयोगशाला राख्ने तयारी गरेको छ । उक्त स्थानमा प्रयोगशाला रहेपछि दैनिक १५ हजारसम्म परीक्षण हुनेछ । कोभिड-१९ को जोखिमको पाटोलाई दृष्टिगत गरी हाल एक हजार क्षमताको भेन्टिलेटरसहितको सघन उपचार कक्ष प्रबन्ध गरिएको मन्त्रालयले जानकारी दिएको छ । सातवटै प्रदेशमा अक्सिजन प्लान्टको व्यवस्था गरिएको छ । चीनबाट निजी क्षेत्रले खरिद गरेको औषधि ढुवानीका लागि प्रयोग भएको नेपाल वायुसेवा निगमको भाडाबापतको रु एक करोड ४५ लाख रकम भुक्तानी हालसम्म भइनसकेको जानकारी दिइयो ।

**स्वास्थ्य सामग्रीको गुणस्तर किन परीक्षण खोई- सांसद**

यसअघि बैठकमा विरोध खतिवडाले शुरुआतीका दिनमा स्वास्थ्य सामग्री खरिद गर्ने भनी अनुमति पाए पनि ल्याउन नसकेको कम्पनीलाई कालो सूचीमा राख्ने एवं आयात गरिएका सामग्रीको भ्याट र भन्सार मिनाह गर्ने तथा विदेशबाट ल्याइएका समग्रको गुणस्तर परीक्षण गर्ने कार्य के कसरी भएको छ भनी प्रश्न गर्नुभयो । महामारी फैलिएका अन्य मुलुकका सरकार र कर्मचारी बिरामीको अवस्था देखेर रुवाबासी गरेको देखिए पनि हाम्रो देशमा यस्तो बेलामै खरिदमा अनियमिता हुँदा जनताले के बुझ्छन् भनी प्रश्न गर्दै सांसद धर्मशीला चापागाईले भन्नुभयो, "होल्डिङ सेन्टर र क्वारेन्टिन अस्तव्यस्त छन्, अझै सीमा पारी नेपाली घर फर्कन नपाएर रुवाबासी गरिरहेको अवस्था छ, त्यो अन्य होस् ।" मितिका सदस्य राजेन्द्रकुमार केसीले कोरोना भाइरसभन्दा भ्रष्टाचारको भाइरसको सङ्क्रमण छिटो गतिमा विस्तार भइरहेको विचार प्रकट गर्नुभयो । सांसद प्रदीप यादवले भन्नुभयो, "कोरोनाका लागि मन्त्रालयले खरिद गरेको स्वास्थ्य सामग्री खरिदमा धेरै गडबड छ, घोटला भएको छ, यस्तो बेला अनियमित गर्नेमाथि कडा कारवाही हुनुपर्छ ।" समितिका सदस्य सूर्य पाठकले कोरोना नियन्त्रणका लागि सरकारले सामग्रीको जोहो र तयारीमा किन ढिलो गरेको हो त्यसको चित्तबुझ्दो जवाफ चाहियो भन्नुभयो । अर्का सदस्य डा मीनेन्द्र रिजालले सामान खरिदमा सल्लाहकारको निर्णय किन आवश्यक पर्‍यो भनी जिज्ञासा राख्नुभयो । समितिका सदस्य चन्दा चौधरी र मोहम्मद इस्तियाक राई स्वास्थ्य सामग्री खरिदमा सार्वजनिक ऐनलाई पन्छाएर नीतिगत भ्रष्टाचार भएको दावी गर्नुभयो । समितिले कोभिड-१९ महामारी नियन्त्रणका लागि भइरहेको प्रयास, स्वास्थ्य सामग्री प्रक्रिया र त्यसमा भएको भनिएको अनियमितका सम्बन्धमा मन्त्रालयका पदाधिकारीसँग जानकारी माग गरेको हो ।

डा. जेबि पाठक
**शितल होमियोप्याथिक फार्मेसी**
लायन्सचोक, नारायणगढ
हामीकहाँ विशेष गरी विना अप्रेशन पाईल्स्, फिस्टुला, शरीरमा भएको ट्युमर, मुसा (Warts), मृगौलाको पत्थरी, एवं बाथ, दम, ग्यास्ट्रिक, अल्सर, टन्सिल, बारम्बार रुघाखोकी लागि राख्ने, कपाल झर्ने, महिलाहरुको महिनावारी समयमा नहुने, सेतो पानी बग्ने, एवं छाला सम्बन्धी विविध रोगहरुको सफलतापूर्वक उपचार गरीन्छ ।
(विरामी जाँच्ने समय : विहान ११ बजे देखि साँझ ६ बजेसम्म)

# अतिक्रमित भूभाग समेटिदा मधेशमा उत्साह

– गोपालप्रसाद बराल

महोत्तरी । पश्चिम नेपालको भारतीय अतिक्रमणमा परेको भूभाग मुलुकको राष्ट्रिय निशान छापमा समेटिएपछि महोत्तरीमा उत्साह देखिएको छ । मुलुकको सङ्घीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) ले राष्ट्रको निशानछाप सच्याउन संविधान संशोधनमा अभूतपूर्व एकता देखाएका महोत्तरीका राजनीतिक दल र बुद्धिजीवीले बताएका छन् । गत जेठ ३१ गते प्रतिनिधिसभाले आफ्नो अतिक्रमित भूभाग समेटेर नयाँ निशान छाप संविधानको अनुसूचीमा समावेश गर्न संशोधनको प्रस्ताव सर्वसम्मतिले पारित गरेसँगै बिहीबार राष्ट्रियसभाले सो प्रस्ताव सर्वसम्मत पारित गरेसँगै सभामुखले प्रमाणीकरण गरेका संशोधित संविधान राष्ट्रपतिबाट सदर (स्वीकृत) गरिएसँगै कालापानी, लिपुलेक र लिम्पियाधुरा निशानछापमा समेटिएपछि यो घटना राष्ट्रिय एकताको अभूतपूर्व सन्देश बनेको महोत्तरीमा आम प्रतिकृया पाइएको हो । "संविधानमा मधेशका मुद्दा सम्बोधन हुन बाँकी रहेका हाम्रा कुरा छँदैछन्", विगतदेखि नै मधेशका मुद्दा सम्बोधन गर्न संविधान संशोधनको माग राख्दै आएको समाजवादी पार्टी नेपाल (हाल, जनता समाजवादी पार्टी नेपाल) का जिल्ला अध्यक्ष नागेन्द्रप्रसाद यादबले भन्नुभयो, "तर, राष्ट्रको भूगोल कतै थिचोमिचोमा परेको विषयमा भने असहमति थाति राखिँदै अहिले राष्ट्र नै एक भएको सन्देश प्रवाह भएको छ ।" प्रतिनिधिसभामा निशानछाप सच्याउन देखिएको एकताले अब मधेशका विषय संविधानमा समेट्न पनि यस्तै एकताको आवश्यकता औँल्याएको यादवको थप भनाइ छ । अब निशानछापमा समेटिएका अतिक्रमित भू-भागमा स्वामित्व स्थापित गर्न सरकारले निर्णायक वार्ता गर्नपर्ने यादवले बताउनुभएको छ । मधेशी जनअधिकार फोरम हुँदै सङ्घीय समाजवादी पार्टी, समाजवादी पार्टी र हाल जनता समाजवादी पार्टी बने पनि आफूहरूले संविधानमा मधेशका मुद्दा समावेश गरिन बाँकी रहेको कुरा उठाउँदै आइएको सो पार्टीका कार्यकर्ता बताउँछन् । तर, मुलुककै भौगोलिक हिस्सा अतिक्रमणमा परेको र त्यसको खोजी संवैधानिक तवरले गर्न आवश्यक भएका बेला पुराना असहमति सबै थाति राखेर सम्पूर्ण राष्ट्र एक ढिक्का हुन दलहरूले सुझबुझ देखाएको जिल्लाकै सोनमा गाउँपालिकाका अध्यक्ष राजकुमार यादव बताउनुहुन्छ ।

यसअघि राजपा नेपाल (हाल, जसपा नेपाल) आबद्ध अगुवा नेता र भङ्गाहा नगरपालिकाका प्रमुख सञ्जीवकुमार साहले पनि सङ्घीय संसद्मा मुलुकको राष्ट्रिय स्वार्थका कुरामा सबै एक ढिक्का देखिएपछि भारतसँगको वार्तामा सर कार मजबुतीका साथ प्रस्तुत हुने बलियो आधार बनेको बताउनुहुन्छ । नेपालको संसद्मा दलहरूबीच राष्ट्रिय मुद्दामा यो ऐतिहासिक एकता बनेको जिल्लामा अन्य राजनीतिक दलका प्रतिनिधि बताउँछन् । मुलुकको नक्सामा भारतले अतिक्रमण गरेको भूभाग समेटिनु र निशानछाप सोअनुकूल बनाउन दलहरूबीच संविधान संशोधनमा देखिएको एकबद्धताले विश्वजगतमै अत्यन्त सकारात्मक सन्देश दिएको नेपाली काँग्रेस महोत्तरीका नेता बजरङ्ग नेपालीको भनाइ छ । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का जिल्ला सचिव सौखीलाल यादवले वर्तमान सरकारले अतिक्रमित भू-भाग समेटेर नक्सा जारी गर्नसँगै यस प्रयोजनको संविधान संशोधनमा दलहरूबीच अभूतपूर्व एकता निर्माणमा पाएको सफलता ऐतिहासिक भएको प्रतिक्रिया दिनुभयो । यो भारतसँग गरिने/हुने वार्तामा सरकारका लागि ताकत भएको यादवको थप भनाइ छ । राजनीतिक दलसँगै जिल्लाका प्रबुद्ध बुद्धिजीवी पनि सङ्घीय संसद्मा देखिएको अभूतपूर्व एकताले राष्ट्रको सवालमा दलहरु विभाजित हुन्नन्, छैनन् भन्ने पुष्टि गरेको बताउँछन् । "नक्सा र निशानछापमा अब अतिक्रमित भूभाग समेटियो, अब स्वामित्वमा समेटिने आश जाग्यो", जिल्लाका ख्यातिप्राप्त कानून व्यवसायी अधिवक्ता उद्धव क्षत्रीले भन्नुभयो, "अब राष्ट्रिय एकताको यो ताकत लिएर भारतलाई वार्ताका लागि तयार पार्न निर्णायक कूटनीतिक पहलकदमी सरकारले बढाउनु पर्छ ।" बर्दिवास जनता बहुमुखी क्याम्पस बर्दिवास-१४ का प्राचार्य (क्याम्पस प्रमुख) तोपबहादुर ठकुरीले अतिक्रमित क्षेत्र औपचारिक नक्सामा राख्न र त्यसलाई निशानछापमा समावेश गर्न संविधान संशोधनमा संसद् एक ढिक्का भएको घटना गौरवपूर्ण र ऐतिहासिक भएको बताउनुहुन्छ । नेपालको सङ्घीय संसद्मा देखिएको यो ऐतिहासिक एकताबारे विश्वका कयौँ मुलुकका आफ्ना साथीहरूले चासो देखाएका ठकुरीको भनाइ छ । "तिमीकहाँ त गजब भएछ त, संसद् नै एकमत...!" आफूलाई विश्वका कयौँ देशका साथीले दिएको प्रतिक्रिया सुनाउँदै ठकुरीले भन्नुभयो, "अब संविधान संशोधन गरेर निशानछाप र नक्सामा समेटिएको अतिक्रमित भू-भाग स्वामित्वमा लिन यो एकता टिकाइ राख्न सक्नुपर्छ ।"सङ्घीय संसद्मा बनेको एकताले अहिले दलहरूबीच एकअर्काप्रति हुँदै आएका आलोचनात्मक टिप्पणी पातलिएका बुद्धिजीवीको ठहर छ । "सानातिना कुरामा पनि दलहरूबीच खुबै घोचपेचका कुरा सुनिन्थ्यो", माध्यमिक विद्यालयको प्रधानाध्यापक बाट अवकाश पाउनुभएका भङ्गाहा-७ मेघरोलका ७० वर्षीय चन्द्रनारायण सिंहले भन्नुभयो ।












जनआकाश मिडिया प्रा.लि.का लागि प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस